# हराएकाहरुको निम्ति प्रभावशाली प्रकारले प्रार्थना गर्नु



"...यस संसारको देवले अविश्वासीहरूको समझशक्तिलाई अन्धो तुल्याइदिएको छ..." ( 2 कोरिन्थी 4:4 )

**PRAYING EFFECTIVELY FOR THE LOST**
**(Nepali)**

ली. इ. थोमस्

# हराएकाहरुको निम्ति
# प्रभावशाली ङ्क्कारले प्रार्थना गर्नु

लेखक

ली इ. थोमस्

# PRAYING EFFECTIVELY FOR THE LOST

*by*

*Lee E. Thomas*

**(Nepali)**

Copyright © All India Decade of Advance, New Delhi, India
Published by : All India Decade of Advance, New Delhi, India

**Copies are available from:**
Rev. Stephen Rawate, Executive Director, AIDA
Post Box No. 7530, Vasant Kunj, New Delhi - 110 070

# विषय सूची


1. आवश्यक्तालाई बुझ्ने ........................................................ 5
2. बाइबलीय आधार ........................................................ 8
3. व्यक्तिगत् भाज्यखण्ड ........................................................ 12
4. निश्चित विन्ती........................................................ 22
5. आत्मिकी युद्ध संग्राम........................................................ 29
6. व्यक्तिगत् साक्षी ........................................................ 42
7. प्रण गर्नु........................................................ 50






# ए.आइ.डी.ए. – 2006
# प्रार्थनाको वर्ष



ए.आइ.डी.ए. (अल इण्डिया डिकेड् अफ् एड्भान्स) को विगत चार साल देखि विषय वस्तुहरुको अनुक्रम अनुरूप 2006 साल ‘‘प्रार्थनाको वर्ष’’ हो। हराएकाहरुको मुक्तिको निम्ति, बाँचेकाहरुको चेलापनको निम्ति र मण्डलीहरुको एकताको निम्ति प्रार्थना गर्नलाई यस वर्षको ए.आइ.डी.ए. (एडा) सेवकाइहरु संयुक्त साथै व्यक्तिगत् स्थरमा प्रार्थनाको जीवन जागृत गराउन मण्डलीलाई तयार गर्नमा संकेन्द्रित गरिनेछ।

एडा साहित्यले 2006 सालको प्रगतीको निम्ति मुख्यतः प्रस्तावहरु, कतिपय व्यवहारिक विचारहरु र प्रेरणाहरु उपलब्ध गराउन प्रत्येक मण्डलीलाई प्रार्थनाको मण्डली बन्नमा जागृत गराउन यो वर्षलाई प्रयोग गर्ने संकल्प गरेकाछन्।

हराएकाहरुको निम्ति प्रभावसंग प्रार्थना गर्न मण्डलीहरुलाई प्रोत्साहित गर्नको निम्ति यो पुस्तक विशेष रूपले चुनिएको हो।

लेखक ली इ. थोमस् प्रति विशेष प्रशंसा व्यक्त गर्दछौं, जसले, यस पुस्तकलाई एडा सेवकाइ मार्फत वितरणको निम्ति छाप्नलाई नम्रतापूर्वक अनुमति दिनुभयो।

अध्याय 1

# आवश्यक्तालाई बुझ्ने

जब सम्मन् कसैले हराएकाहरुको निम्ति प्रार्थना गर्दैनन् तिनीहरु बाँच्ने छैनन् अनि बचाउन सक्नेनै छैनन्। बाइबलीय चित्रणको दृष्टिकोणबाट हराएकाहरुलाई: शैतानको सन्तान (यूहन्ना 8:44), शैतानको अधिकार भित्रको (प्रेरित 26:18), बलियो मानिसको घर (मर्कूस 3:27), युद्धका कैदिहरु (यशैया 14:17) अनि सुसमाचारमा अन्धा (2 कोरिन्थी 4:3-4) भनी जबसम्म हामीले देख्दैनौं यो घातक कथन अविश्वासनीय हुँदछ।

यदि हराएकाहरूको निम्ति उद्धारको आशा छँदा-छँदै हामीले तिनीहरुको निम्ति किन प्रार्थना गरिरहनु भन्नु सबै अहोत्साहित गराउने कारणहरु हुन। केहि क्षण हामी आत्मिकी अन्धोपन तर्फ संकेन्द्रित गरौं। 2 कोरिन्थी 4:3-4 ले भन्दछ, ''तर हाम्रो सुसमाचारमा पनि घुम्टो लागेको छ भनें, यो नष्टहुनेहरुका निम्तिनै घुम्टो लागेको हुन्छ। जसमा ख्रीष्ट जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरुमाथि नचम्कोस भनेर यस संसारको देवले अविश्वासीहरुको समझशक्तिलाई अन्धा तुल्याइदिएको छ।'' यो अंशले स्पष्ट रूपमा बुझाउँदछ कि शैतानले हराएकाहरुको मनलाई अन्धा बनाएकोछ बिशेषगरी सुसमाचार बुझ्नदेखि।

लेविस स्पेरी केफर भन्नुहुन्छ, ''कि कोरिन्थी 4:3-4 मा उल्लेख गरिएको मनको अन्धा वा पर्दाले मुक्तिको मार्गलाई विचार गर्नमा सर्वभौमिक अयोग्यता उत्पन्न गराउँछ, र छुटकारामा परमेश्वरको उदेश्यलाई वाधा पुर्याउन त्यसको प्रयासहरुमा घूर्त शत्रुद्वारा परमेश्वरको अउत्पन्न मानिसहरु माथि प्रभाव पार्नु हो। जुन मानिससित शक्ति छैन् यो चाँहि त्यसको विरुद्ध एउटा मनको अवस्था हो'' (केफर 57)।

सर्वकालिन एक महान प्रचारक चार्ल्स एच. स्पर्जन हुनुहुन्थ्यो, जसै उहाँले आफनो परिवर्तनको साक्षी बाँड़्नुहुन्छ, सुनौ: म स्विकार्छु कि मलाई पुण्यकर्मको शिक्षा दिइएको थियो, प्रार्थना द्वारा मलाई मेरो कोक्रोमा राखेका थिए, अनि येशूको गीतहरु द्वारा लोरी सुनाएर मलाई सुताउँथे। मैले सुसमाचार लगातार सुनीसकेको थिएँ। तरै-पनि जबसम्म परमेश्वरको वचन शक्तिको साथमा ममा आएन, कतै मध्य अफ्रिकाको कहिल्यै भ्रमण नगरेको जातीहरु माँझ रहेको जस्तै र उद्धारको नसाबाट निकालिएको शुद्धपार्ने रगत भरिएको समाचार कहिल्यै नसुनेको जस्तै यो संधै एउटा नौलो विषय हुन्थ्यो।

जब मैले पहिलो पटक सुसमाचार सुनें मेरो आत्मा बाँचेको थियो, मलाई लाग्यो कि विगत दिनहरुमा मैले कहिल्यै सुनेको थिइन। मैंले विचार गर्न लागें कि जत्तिपनि

प्रचारकहरुबाट अघिका दिनहरुमा जे पनि मैले सुनेथें ती साँचो रितीले प्रचार गरेका थिएनन् क्या रे। तर पछि फर्केर हेर्दा मैले यस्तो विचार गर्दोरहेछु कि मैले अघिबाटै सैयौ पटक सुसमाचार प्रचार गरेको सुनिसकेको थिएँ। भिन्नता यही नै थियो : मैले नसुनेको जस्तै जब मैले सुन्नलागें। जब सुन्न थालें, सन्देश विगत समयमा झैं सफासित नझल्के तापनि मेरो कान खोल्न अनि संदेशलाई मेरो हृदय सम्म पुर्‍याउनलाई पवित्र आत्माको शक्ति उपस्थित थियो।

त्यसपछि मैले सोंचे कि अघिका दिनहरुमा सत्य प्रचार भएको मैले कहिल्यै सुनेको थिइन रहेछु। अब मैले बुझ्नलागेको छु कि मेरो समक्ष धेरै पल्ट ज्योती चम्केता पनि म अन्धो थिएछु, यसैले मैले सम्झने गर्दोरहेछु कि ज्योती मेरो सामने कहिल्यै आएको छैन्। ज्योती त निरन्तर चम्किरहेकै थिएछ, तर त्यसलाई प्राप्त गर्ने शक्ति नै पो थिएन रहेछ। आत्माको आँखा गेड़ी ईश्वरीय किरण प्रति संवेदनशील नै थिएन रहेछ'' (स्पर्जन 26-28)।

बन्द गरिएको मनमा सुसमाचार कसरी निरर्थक बन्दछ त्यो स्पर्जनको शाक्षी एक प्रभावशाली उदाहरण हो। जसको निम्ति कसैले प्रार्थना नै गरिदिएको छैन् तिनीहरुलाई सुसमाचार बाँड़्नु एउटा अन्धा मानिसलाई तपाईसित लगेर सुन्दर सूर्यअस्त हेर्नलाई प्रोत्साहित गरेको जस्तो मात्र हो। यो एउटा आशाहीन अवस्था हो, किनकि उ अन्धा हो। उसले देख्न नै सकतैन!

जबसम्म शैतानी अन्धोपनलाई पवित्र आत्माले हटाउदैनन् अनि सुसमाचार तर्फ उसको मन र हृदयलाई खोलीदिदैनन्, उ बॉच्न सकदैनन् किनभने परमेश्वरका कुराहरु ''उसको निम्ति मुर्खता'' हुन् (1 कोरिन्थी 2:14), ग्रीक शब्दमा मूर्खतालाई ''मोरीया'' भन्दछ, जसबाट मोरोन शब्द लिएकाहुन्। वेब्स्टरले मोरोनलाई ''मानषिक अभावको सर्वोच्च वर्गीकरण, अल्पबुद्धि र निर्बुद्धि माथिको'' भनी प्रष्ट गरेकाछन्। यसैले एक हराएको व्यक्तिले सुसमाचारलाई अल्पबुद्धि र बुद्धिहिन देख्दछ, तर यो त त्यसमित्र भएको ''बलियो मानिस हो'' जसले सुसमाचार प्रति यो नाकारत्मक अवस्थालाई उत्पन्न गराउँछ।

यस्तो अवस्थामा कसैलाई सुसमाचार बाँड़्ने प्रयास गर्नु (जसको निम्ति कसैले प्रार्थना गरेकानै छैनन्, जसमा हरेक हराएका व्यक्तिहरु समावेश गरिन्छ) असल हुनभन्दा धेर खती (नोकसान) गर्न सक्ला। जेस्सी पेन-लिवीस् भन्नुहुन्छ, जब सम्म विचारको सम्पूर्ण अन्धकार पछाडि 'अस्तशत्रले सुसज्जीत भएको बलियो मानिसलाई र सुसमाचार प्रति अन्धो बनेको पत्तो लगाउँदैनौं, हामीले परमेश्वरको प्रिय पुत्रको राज्यमा अन्धकारको शक्तिबाट मानिसहरुलाई निकालेर ल्याउनमा केहि गर्न सक्नेछैनौं। जबसम्म हामीले बलियो मानिसलाई पहिले बाँद्धैनौं र परमेश्वरको चेतावनीलाई कसरी ध्यान दिनु भनी जाँन्दैनौं, त्यसको सम्पत्तीहरु नाश पार्नलाई हामीले गरेको प्रयासहरुले त्यसलाई केवल रिस मात्र उठाउँछौं, साथै त्यसको अस्तशस्त्र

बलियो गर्नसकने बनाउँछौं र त्यसको राजभवन शान्तीमा सुरक्षित हुनेछ'' (पेन-लिवीस 42-3)।

जब एकपल्ट हामीले आत्माहरु बचाइनको निम्ति प्रार्थनाको विशेषतालाई बुझ्दछौं, यो कसरी गर्ने भनी हामीले सिक्नै पर्छ। 1979 साल जनवरीको फुल्नेस पत्रीकाको प्रकाशनमा मान्‌ले बिस्लेले ''हराएकाहरुको निम्ति प्रार्थना'' नामंकित एउटा लेख लेखेका थिए। यो तिनको प्रारम्भिक कथन हो: ''हराएकाहरुको निम्ति प्रार्थना एक क्षेत्र हो जसको बारेमा धेरै बताएका छन् तर थोरै जानेका वा बुझेका छौं।'' यो चाँहि एउटा बन्द तिजोरीलाई त्यसको सँधि अंक थाहा नभइ खोल्ने प्रयास गरे जस्तो मात्र हो, त्यसभित्र जत्तिकै अमुल्य वस्तुहरु भएता पनि कुनै वास्ता नराखी हामी अन्तमा निराश बन्छौं र त्यागी पनि दिन्छौं।

तर सनातन आत्माहरु जसको निम्ति ख्रीष्ट मर्नु भयो, त्याग्नलाई हाम्रो निम्ति अधिक बहुमुल्य छन्। यसकारण, तिनीहरुको निम्ति कसरी प्रभावसाथ प्रार्थना गर्ने भनी हामीले सिक्नैपर्छ। विशेष गरी यो तपाईको प्रार्थना हुनसवछ जसले कसैलाई नरकबाट अलग राख्दछ। प्रख्यात: पुनरुथानकारी चार्ल्स जी. फिन्नीले भन्नु भएको छ, एक पश्चतापहीन मित्रको विषयमा यस्तो परिस्थिती आउला जसमा त्यस व्यक्तिको निम्ति तपाईको प्रार्थनाको उत्सुकता र निवेदनले उसलाई नरकबाट बचाउनेछ'' (फिन्नी 54)।

येशूले त्यही मात्र गरे जो पिताले गर्नुभएको उहाँले देख्नुभयो (यूहन्ना 5:19)। त्यसरी नै हाम्रा प्रभुले जे गर्नुभएको देख्दछौं हामीले त्यही मात्र गर्नुपर्छ–''अन्तरबिन्ती गर्नलाई उहाँ सँधैंभरि रहनुहुन्छ'' (हिब्रू 7:25)। हामीले कतिपय इसाईहरुलाई मध्यस्थको नामपत्र (Label) लगाएर गम्भीर गलती गरी पठाउँछौं। यसरी सुचित गराउँने बाटो पैलाउँदछ कि हामी बाँकिहरु जिम्मेवारीबाट मुक्त छौं–त्यसो होइन !!! हाम्रा प्रभुले गर्दैगर्नु भएको जो देख्दछौं हामी सबैले गर्नुछ - अरुहरुको निम्ति प्रार्थना।

यसरी हराएकाहरुको निम्ति कसरी प्रभावसाथ प्रार्थना गर्ने साथै मुख्य कुराहरु गर्नलाई हाम्रा प्रभुसित कसरी सामेल हुने–सिकौं।



अध्याय 2

# बाइबलीय आधार

प्रभावसंग प्रार्थनाको एक अधिकतम् शक्तिशाली साधन हाम्रो प्रार्थनाको उत्तर किन पाउनैपर्छ भनी परमेश्वरमा प्रभावशाली तर्कहरु प्रदर्शित गर्नु हो। यशैया 41:21 मा यसो गर्नलाई उहाँलेनै आज्ञा गर्नुहुन्छ, ''परमप्रभु भन्नु हुन्छ, 'आफनो मुद्दा पेश गर।' आफनो प्रभावशाली तर्क ल्याऊ...''

अति प्रभावशाली मुद्दा निरन्तर बाइबल आधारित हुन्छन्, अनि हराएकाहरुको निम्ति प्रार्थनाको विषयमा धेरै यस्ता मुद्दाहरु छन्। एफ. जे. हूगेलले व्यक्त गर्नुभएको यी शब्दहरु मलाई मनपर्छ, ''यदि हामीले कवचको मार्ग फेला पार्‍यौं भने सुसमाचारको घोषणा र ख्रीष्टको राज्यको बढ़ती अनुसार परमेश्वरको महान उदेश्यहरुको सहयोगको निम्ति प्रार्थना गर्दछौं, त्यसपछि एक पावल वा एक डेभिज ब्रेनार्ड वा जर्ज मुल्लर वा एक प्रेयिङग हाइड्को आत्मा र बलले हामी प्रार्थना गर्नशुरु गर्छौं, र हाम्रो सुनवाइ हुँदछ र महान कार्यहरु गरिनेछ'' (हूगेल 80)।

हराएकाहरुको निम्ति प्रार्थना गर्नु एउटा प्रमुख कारण तिनीहरुप्रति हाम्रो प्रेम हो। प्रार्थनालाई ''घुड़ामा रहेको प्रेम'' भनेर वयान गरिएको छ। निश्चयनै यो परमेश्वरको प्रेम मानिस प्रति थियो जसद्वारा येशू क्रूसमा टाँगिए; यी ती पाँच भाईहरुको निम्ति प्रेम थियो कि तिनीहरुको निम्ति नरकबाट धनी मानिसलाई प्रार्थना गर्न विवश तुल्यायो ''तिनीहरु पनि यस कष्टको ठाउँमा नआऊन्'' (लूका 16:27-28) साथै प्रेमले हामीलाई अर्जविन्ती गर्नलाई डोरयाउँदछ।

नरकको भीरमा डग्मगाएका सैयौं आत्महरुलाई उद्धार गर्न चिकागोमा भएको हिस्टोरिक पेसिफिक गार्डन मिसन परमेश्वरको सार्मथमा प्रयोग भइरहेकाछन्। मेरो निम्ति यो कुनै आश्चर्य होइन किन कि अठाह्र फूट लामो नियोन चिन्हपद ''पेसिफिक गार्डन मिसन'' मा आमाको प्रार्थनाले तिमीलाई पछाएको छ भन्ने संझटो समावेश गरेका थिए। आत्माहरुको अविश्वासनीय संख्या केवल अनन्तकालले प्रकट गर्नेछ जोहरु एउटा आमाको प्रेमको आँसु र प्रार्थनाले बचाइएका हुन्छन्। साँच्चै नै, आत्माहरुलाई बचाउने हाम्रो अति उत्तम सम्पति प्रेम हो।

हराएकाहरुको निम्ति प्रार्थना गर्ने अर्को बाइबलीय आधार विश्वास हो। येशूले भन्नुभयो ''विश्वास गर्नेको निम्ति सबै कुरा सम्भव छ'' (मत्ती 9:23)। सबै कुराले आत्माको उद्धारलाई निश्चयनै समावेश गर्छन्। यदि कसैको उद्धारको निम्ति तपाईले परमेश्वरमा विश्वास गर्नसक्नु हुन्छ भने, त्यो तपाईले पाउनुहुनेछ।

चार मानिसहरुले तिनीहरुका पक्षवाती मित्रलाई येशूकहाँ ल्याए अनि येशूले तिनीहरुको विश्वासलाई देखेर भन्नुभयो, ''ए छोरा तिम्रो पाप क्षमा भए'' (मर्कूस 2:5)। तिनीहरुले उसलाई चंगाई होस भनेर ल्याएको भएतापनि उसले आपनो पापहरुको पनि क्षमा पाए। यो विश्वासको शक्तिको एउटा आश्चर्यपूर्ण प्रदर्शन हो। निश्चयनै विश्वास राज्यको सिक्का हो।

हराएकाहरुको निम्ति प्रार्थना गर्ने मेरो प्रिय: मुद्दा बाइबलले प्रार्थनालाई आरोपित गरेको महान शक्ति हो। ''धार्मिक मानिसको फलोत्पादी तीक्ष्ण प्रार्थनाले धेरै ठूलो काम हुनसक्तछ,'' याकूब 5:16 अनुसार। शक्तिशाली प्रार्थना साँच्चै कत्ति अविश्वसनीय छन् भनी बुझ्नलाई हामीले शुरुगर्न पनि सक्दैनौं किनभने यसले कुनै पनि थरिको अधिकतम् गुणकारी असर सारा विश्वमा सम्पादन गर्दछ।

''प्रार्थना यस्तो विशिष्ट आदेशको काम हो जो मानिसको कल्पनादेखि बाहिर छ। किनभने जब एउटा ईसाईले प्रार्थना गर्दछ, उसको प्राप्त गर्ने क्षमता र भलाई गर्ने शक्ति हजार गुणा बड़ेको हुन्छ, ज्यू, हजार गुणा। यो अतिशयोक्ति होइन, कारण यही हो कि जब मानिसले प्रार्थना गर्दछ, परमेश्वरले काम गर्नुहुन्छ'' (हूगेल 10)।

दोस्रो महायुद्धको समयमा जब परमाणविक बम् जापानमा खसालिएको थियो, प्राय: 92,000 हजार मानिसहरु मारिएका थिए। जब अश्शूरले यरुशलेमलाई घेरा हाले हिजकीया राजाले तिनका मानिसहरुको पक्षमा परमेश्वरलाई पुकार्न लागे, परमेश्वरले एउटा दूतलाई पठाउनु भयो जसले 1,85,000 (एक लाख पच्यासी हजार) अश्शूरका सेनाहरुलाई एकै रातमा नाश गरे। हिजकीयाको प्रार्थना परमाणविक बम्को दोबर विस्फोट थियो!! यदि शत्रुहरुलाई परास्त गर्न प्रार्थनानै काफि हुन्छ भने, आत्माहरु बचाउनलाई यसको शक्ति कत्ति निश्चित छ!

यदि परमेश्वरले हामीबाट आशा गरेको तथ्य बाहेक हराएकाहरुको निम्ति प्रार्थना गर्नलाई हामीसित बाइबलको आधार छैन भने, त्यही पर्याप्त हुन्थ्यो। जब परमेश्वरले इस्राएलको निम्ति एउटै पनि मध्यस्थ भेटाउनु भएन उहाँ ''स्तंभित'' हुनुभएको थियो (यशैया 59:16)। यसले मलाई यही बताउँछ कि उहाँले कसैलाई भेटाउने आशा राख्नु भएको थियो।

मध्यस्थको निम्ति परमेश्वरको खोज प्रति एण्ड्रयू मूर्रेको समालोचना सुन्नुहोस : ''उहाँ प्राय: छक्क पर्नुहन्थ्यो र आरोप लगाउन हुन्थ्यो किनकि त्यहाँ एउटै पनि मध्यस्थ थिएन, कसैले पनि उहाँको शक्तिलाई लिन आफैलाई उत्तेजित पार्ने कोहि थिएन। उहाँ अहिले पनि पर्खिरहनु भएको छ अनि आजका दिनहरुमा पनि उहाँ छक्क पर्नुहुन्छ, कारण अहिले पनि धेरै मध्यस्थहरु छैनन्। उहाँका सम्पूर्ण सन्तानहरुले यो सर्वोच्च अनि पवित्र कामको निम्ति आफैलाई दिएका छैनन्। यदि कसैले गरेता पनि धेर उत्सुकता र सुरक्षासाथ यसमा वचन बद्ध छैनन्। उहाँको सुसमाचारको निम्ति सेवकहरु भेटाउनलाई उदेक मान्नु हुन्छ किनकि तिनीहरुको आफनै व्यवसायले समय

निकाल्न दिँदैनन्, उहाँले चाँहि पहिले तिनीहरुको सर्वोच्च, अत्ति आनन्ददायक, प्रभावशाली काम मात्र   हिसाब लाउनु हुन्छ (मूर्र 114)।

परमेश्वरले अरुहरुको निम्ति प्रार्थनालाई हाम्रो जीवनमा पहिलो प्राध्यान्यमा राख्नु भएको छ। परमेश्वरको हृदयको चित्कारलाई सुनौं, ''यसकारण सबैभन्दा पहिले  म अर्ती दिन्छु, कि सर्वप्रथम अन्तरबिन्ती,  प्रार्थनाहरु, विनम्र निवेदन, ध न्यबादहरु सबै मानिसहरुका निम्ति... सबै मानिसहरु ले उद्धार पाऊन्  र तिनीहरु सत्यको ज्ञानमा आऊन भन्ने इच्छा उहाँ गर्नुहुन्छ'' (1 तिमोथी 2:1-4)।

ग्रीक शब्दमा प्रथमलाई ''प्रोटोन'' भन्दछ अनि स्ट्रोङ्गको शब्दकोषमा समय, स्थान, अनुक्रम, वा विशेषतामा पहिलो वा सर्वप्रथम भनेर ब्यारवा गरिएको छ। सबै मानिसहरुले उद्धार पाएको परमेश्वरले इच्छा गरेपछि अनि प्रार्थना विना कसैले उद्धार नपाउने भएपछि के हामीबाट हुनपर्ने कुराहरुको सुचीमा परमेश्वरले प्रार्थनालाई सबैभन्दा माथि राख्नमा कुनै छक्क पर्ने कुरा छ?

हराएकाहरुको निम्ति हामीले प्रार्थना गर्नलाई प्रबल उद्दीपकको माझमा पनि बाइबलीय उदहारणहरु   छन्। यी मध्ये महान उदाहरण येशू ख्रीष्ट स्वयम हुनुहुन्छ। यशैया 53 के अगमवाणीले भन्दछ कि ख्रीष्टले ''अपराधीहरुको निम्ति अन्तरबिन्ती गर्नुभयो'' यो अगमवाणीलाई साक्षातरूपमा क्रूसबाट प्रार्थना गर्नुहुँदा पूरा गर्नुभयो, ''पिता, तिनीहरुलाई क्षमा गर्नुहोस्, किनकि तिनीहरुले के गरिरहेछन् ती जान्दैनन्'' (लूका 23:38)।

अरुहरुको निम्ति प्रार्थना गर्दा येशू हाम्रो दृढ नमूना हुनपर्छ किनभने उहाँले अझै पनि गरिरहनु भएको छ!! उहाँ हाम्रो प्रभु र उद्धारक, स्वर्गमा विराजमान हुनहुने राजाहरुका राजा हुनुहुन्छ, तरैपनि अहिले-सम्म उहाँले अरुहरुको निम्ति प्रार्थनालाई जारी राख्नु भएको छ। हिब्रू 7:25 ले मेरो मनलाई प्रवाहीत गर्दछ, ''यसैकारण पनि उहाँद्वारा परमेश्वरको नजीक आउनेहरुलाई उहाँले सम्पूर्ण उद्धार गर्नसक्नु हुन्छ। किनभने तिनीहरुका निम्ति अन्तरविन्ती गर्नलाई उहाँ सँधैभरि रहनुहुन्छ।''

प्रेरित पावल जसको अनुकरण गर्नसकिने अर्को उपयुक्त उदाहरण हुन्। ''मेरो आफनो हृदयको इच्छा र इस्राएलको निम्ति परमेश्वरमा मेरो अन्तरविन्ती यही छ, कि तिनीहरुले उद्धार पाऊन्'' रोमी 10:1 मा तिनको करुणापूर्ण दोष स्वीकार हो। बोर्न फर बेटलमा आर. आर्थर मेथ्यूसले मेरो प्रार्थना  ''एउटा मानिसले स्वभाविक जीवनमा परमेश्वरको अधिकारको हठी अनंगीकार गरेको र आफनै पापको कारणले सर्वनाशको दण्ड पाएका एउटा मानिसको निम्ति ईश्वरीय खोजको अन्त सम्मन् धाँदोमा उभिएझैं अन्तरविन्ती गरिदिने भनी व्यक्त गर्दछ'' (मेथ्यूस 104)। हाम्रो निम्ति केवल प्रश्न हो, ''के हामी तिनीहरुको उदाहरणलाई अनुसरण गर्नेछौं?''

यसप्रकारको मध्यस्थ प्रार्थनाको निम्ति अरु धेरै कड़ा बाइबलीय आधारहरु भएता पनि म केवल अर्को एउटा मात्र बताउन चाहन्छु - परमेश्वरले यसलाई हाम्रो जिम्मेवारी  बनाउनु भएको छ!!

परमेश्वरको ''पवित्र पुजाहारीगिरी'' को सदस्य भएको हुनाले (1 पत्रुस 2:5) अरुहरुको निम्ति जिम्मेदार तुल्याउनु भएको छ किनभने पुजाहारीहरुले पृथ्वी देखि स्वर्ग सम्म प्रतिनिधित्व गर्दछ। हाम्रो प्राथमिक कर्तव्य मानिस र परमेश्वरको विचमा खड़ाभएर उहाँमा तिनीहरुको मुद्दालाई वकालत गर्नु हो। यस्तै किसिमले हारुनले पनि गरेका थिए जब तिनले जनसंख्या लिएका थिए अनि इस्राएलको पाले गर्दा मृत्युको विपत्तीलाई रोक्न मरेका र जिउँदाहरुका बिचमा खड़ा भएका थिए (गन्ती 16)।

हामी जतिजना बचाइएका छौं, पुजाहारीहरु हौं, हराएकाहरुको निम्ति अन्तरविन्ति गर्न हामी सबैको जिम्मेवारी हो, अनि यदि हामीले पुरा गरेनौं भने तिनीहरु सदाको लागी अग्नी कुण्डमा व्यत्तित गर्नेछन्। एस.डी. गोर्डन्को तीखो प्रार्थनाले हाम्रो हृदयमा बोल्दछ : ''म विश्वासको विरोध गर्नसक्तिन–यदि मलाई मेरो आफनै वा तिम्रो भावनाहरुमा विचार गर्नुपरे म गर्ने थिइन होला भन्न म रुचाउँदिन। तर म विश्वासको विरोध गर्न सक्तिन कि त्यो तल्लो, नष्ट संसारमा मानिसहरु छन् जसलाई कसैले परमेश्वरको स्पर्शमा र प्रार्थनामा उसको जीवनलाई राख्न चुकेका छन्'' (गोर्डन 194–95)।

हराएकाहरुको निम्ति अघि कहिल्यै नभएको झैं प्रार्थना गर्न तपाईलाई प्रेरित गराउन यी शक्तिशाली बाइबलीय तर्कहरु तपाईले मंजूर गर्नुहुनेछ भनी मेरो प्रार्थना छ।



अध्याय 3

# व्यक्तिगत भाज्यखण्ड

हरेक प्रार्थनाको उत्तरमा दुइवटा भाज्यखण्डहरु वा शर्तहरू सम्बन्धित छन्–धार्मिकता र विश्वास । ख्रीष्टको लाछना लगाइएको धार्मिकता, जो उहाँले अनुग्रहको सिंहासन नजिक जान हामीलाई साहस मिल्दछ। यो प्रभावसाथ प्रार्थनाको निम्ति पूर्णरूपले अनिवार्य छ। तर व्यक्तिगत् धार्मिकता पनि महत्वपूर्ण छ, किभने भजन संग्रह 66:18 भन्दछ, ''यदि मैले अर्धम लिएको छु भने परमेश्वरले सुन्नुहुने छैन।'' सायद प्रभु येशूले यसलाई असल प्रकारले मिलाएर भन्नु भएको थियो, ''तिमीहरू ममा रहयौ, र मेरा कुरा तिमीहरूमा रहे भने जो तिमीहरुलाई इच्छा लाग्छ माग, र त्यो तिमीहरुका निम्ति हुनेछ'' (यूहन्ना 15:7)। अर्को शब्दमा आज्ञाकारी ईसाईहरुले तिनीहरुको प्रार्थनाको उत्तर पाउँछन्!!

सबै उत्तर पाएका प्रार्थनामा अर्को आवश्यक भाज्यखण्ड विश्वास हो। यो आत्मिक परिमण्डलमा एक अटूट ब्यवस्था हो। यो निरन्तर ''तिमीहरुको विश्वास अनुसार तिमीहरुलाई होस्'' (मत्ती 9:29)। हामीमा भएको अविश्वास लगातार पापको स्वभाव हो अनि यो प्रार्थनाको उत्तर नपाइने कारण भन्दा अधिक छ।

यसैले जब हामी हराएकाहरुको निम्ति प्रार्थना गर्छौं, हामीलाई धार्मिकता (लाछना लगाइएको व्यक्तिगत) अनि विश्वासको खाँचो पर्छ। अरु आठ वटा भाज्यखण्डहरु छन् जो यस कामको निम्ति विशेष महत्वका छन्। यिनीहरुमा प्रथम विच्छिन्नता हुन्। ''ती जसले आँसुमा छर्दछ आनन्दले कटनी गर्नेछ'' आत्मिक कटनीका विधि हुन्। तथापि, हामी मर्म बिना कै कटनी चाहन्छौं। लियोनार्ड राभन् हिलले एकपल्ट भनेका थिए, ''परमेश्वरले घेरै प्रार्थनाहरुको उत्तर दिनुहुन्न – ती आत्मकृपाले वा स्वार्थ पुर्ती गर्ने उदेश्यले बन्ध भएका छन्। उहाँले हताश प्रार्थनाको उत्तर दिनुहुन्छ'' (राभेनहिल 110)। जब सम्म हामी आत्माहरुको निम्ति निराश बन्दैनौ, तिनीहरुको निम्ति गरेको प्रार्थना निरुत्तर रहिरहन्छ। जसरी येशू यरूशलेम माथि रूनु भएको थियो, त्यसरी नै यदि आफना प्रियहरु जो हराएका छन् तिनीहरुलाई बाँचेको हेर्न चाहन्छौ भने तिनीहरुको निम्ति हामी रूनै पर्छ।

एउटा उपलक्ष्यमा साल्भेसन् आर्मीका केहि कर्मचारीहरुले आत्माहरु जित्नमा तिनीहरुको असफलतामा दोष लगाउँदै अनि तिनीहरुले के गर्नुपर्छ भनी सोद्धै जेनेरल बुथलाई एउटा पत्र लेखेका थिए। तिनले दुइ–शब्दमा उत्तर पठाए, ''आँसुमा प्रयास गर।'' आँसु अति शक्तिशाली छन्, जब सुसमाचार प्रचारसित जोड़िएको हुन्छ, परमेश्वरले फलवन्त कटनीको जमानी दिनुहुन्छ (भजन संग्रह 126:5–6)।

अर्को महत्वपूर्ण भाज्यखण्ड प्रसव वेदना  हो। यशैया 66 मा झैं शिशु जन्मको कष्ट र पिड़ालाई अत्यन्त कष्टदिने चित्रांकन गर्दछ, ''... सियोनले ता सुत्केरी व्यथा लाग्ने वित्तिकै बालकहरु जन्माई।'' स्ट्रोङ्गस् शब्दकोषले प्रसव वेदनालाई ''कष्टले बटारींनु; कष्टसाथ पिरिएर लड़नु भनी व्यक्त गर्दछ।'' लूका 22 ले येशू कष्टमा पर्नुभएको अनि उहाँको पसिना रगतको थोपा झैं बुझाउँछ। हामी प्राय: प्रार्थनाको जीवनमा कहिल्यै थिएनौं, किन हो भने हामीले ख्रीष्टमा हराएकाहरुलाई जितेको असाधरण परिणामहरु देख्दैनौं।

येशूले मुक्तिको अनुभव ''नयाँ जन्म'' को अस्तित्वलाई वर्णन गर्नुभयो।'' जसरी एउटा आमाले तिनको शिशुलाई शारिरिक जन्म दिंदा प्रसव वेदनाको अनुभव गर्दछ, त्यसरीनै आत्मिक परिमण्डलमा पनि सत्य छ। पावलले 'नयाँ जन्ममा प्रसव ब्यथाको'' बारेमा बोल्दछ किनभने आत्मिक तौरमा अपरिपक्व गलाथीहरुलाई ख्रीष्टमा जितेका थिए। तरै पनि स्वास्नी मानिसले अनुभव गरेझैं प्रसव व्यथाको तीव्रतालाई लोग्ने मानिसले पूर्णरूपले विचार गर्न सक्तैनन् किनभने तिनले जन्म दिंदैनन्, नता अधिकतम् ईसाईहरुले आत्माहरुको निम्ति प्रसव वेदनाको आवश्यक्तालाई बुझ्दछ, 95% ईसाई कहलाइएकाहरुले एउटै आत्मा पनि ख्रीष्टमा जितेका छैनन्!!

जोन ''प्रेयीङ्ग'' हाइड् मेरो नायक हन्, भारतमा एक सेवक जसले आत्माहरु बाँचोस भनेर प्रार्थनामा तिनको जीवन दिए। 1908 मा तिनले प्रत्येक दिन एउटा आत्मा दिनुहोस् भनेर परमेश्वरसित प्रार्थना गरे। त्यस वर्ष तिनले चारसय भन्दा बड़ी आत्माहरु ख्रिष्टमा जिते। अर्को वर्ष तिनले एक दिनमा दुइ आत्माहरुको निम्ति प्रार्थना गरे (प्रार्थना मात्र होइन, तर ख्रीष्टमा अर्पण गर्न र बप्तिस्मा दिनलाई) अनि आठ सय भन्दा ज्यादा आत्माहरु ख्रीष्टमा जिते। त्यसपछि 1910 मा चार आत्माहरु एक दिनमा मांगे अनि परमेश्वरले तिनको विन्ति स्विकार गर्नुभयो। तर यो वर्षको अवधिमा जब तिनको स्वस्थ्य बिग्रन्दै गइरहेको हुनाले तिनलाई एउटा मित्रले डाक्टरकोमा जाने सल्लाह दिए। आत्माहरुको प्रसव वेदनाको भयंकर यन्त्रलाई हामीले बुझ्न डाक्टरले तिनलाई के भन्दछ सुनौं : तपाईको मुटु डरलादो अवस्थामा छ। मैले यस्तो खराब दशा कहिल्यै देखेको थिइन। यो आफ्नो स्वभाविक स्थान देब्रे ठाउँदेखि दाहिने तर्फ सरेर गएको छ। ज्यादा जोड़ र परिश्रमले गर्दाहुँदी यस्तो खराब अवस्था भएको छ। अब यसलाई आफनो सामान्य अवस्थामा ल्याउनलाई (महिना–महिनाको) नियम निष्ठा एकान्त जीवनको खाँचो पर्नेछ। तपाईले आफैसित के गर्दैहुनु हुन्छ? जबसम्म तपाईले आफ्नो सम्पूर्ण जीवन बदलाउनु हुन्न अनि ज्यादा परिश्रम गर्न छोड़नु हुन्न भने तपाईले छ महिना भित्र ठूलो जरीमाना तिर्नुपर्ने छ'' (कार्रे 44)।

यदि अन्धकारको राज्यदेखि आत्माहरुको छुटकाराको निम्ति कष्टमा हाम्रा अतिप्रिय: प्रभुसित सामेल हुन्छौं भने त्यसको मोल चुकाउनु पर्छ, तर यो पर्याप्त हुनेछ! यसैकारण हामी महान दलमा सामेल हौं किनभने ''मत्युसम्म आफ्नो जीवनको पनि नराखेका'' (प्रकाश 12:11) विजय हाम्रो हुनेछ।

हराएकाहरुको दशा सम्बन्धित बाइबलमा भएको धरै सजीव शब्द चित्रद्वारा प्रार्थनामा प्रयत्न किन एक आवश्यक भाज्यखण्ड हुनआउँछ भन्ने हामी सहजै देख्न सकछौं। यशैया 14:17 ले हराएकाहरुलाई बन्धुवामा परेकाझैं वर्णन गर्दछ जसलाई मुक्त गर्न शैतानले अस्विकार गर्दछ। प्रेरित 26:18 ले भन्दछ कि तिनीहरु शैतानको नियंत्रण वा अधिकार भित्र छन्। सायद सबैभन्दा बेसी भयभीत गराउने विवरणहरुमा मर्कूस 3:27 मा येशू द्वारा बताइएको बलियो मान्छेको घर हो। उहाँले यो पनि भन्नु हुन्छ कि ‘‘कुनै मानिसले’’ ती व्यक्तिहरुलाई मदत गर्न सक्तैनन् जबसम्मन् बलियो मानिसलाई बाँधेका हुँदैनन्।

कुनै–कुनै भूतात्माहरु अत्ति बलिया हुन्छन् जसमाथि विजय पाऊन प्रार्थना र उपवासको खाँचो पर्दछ (मर्कूस 9:29)। ती व्यक्तिहरुलाई नछोड्ने शैतानको अनिच्छाको कारणले गर्दा दृढ़ प्राथनाको आवश्यक्ता छ, यसकारणले होइन कि परमेश्वरले तिनीहरुलाई बचाउने इच्छा गर्नुभएको छैन!!

शैतानसित सम्पूर्ण देश र संष्कृतीलाई नियंत्रणगर्ने क्षमता छ। यसैकारणले धेरैपल्ट कुनै मानिसहरुको झुण्डमा पुग्न सेवकहरुलाई धेरै कठिन हुँदछ। ‘‘सात वर्ष अगाड़ी केरिले भारतमा प्रथम परिवर्तित व्यक्तिलाई बप्तिस्मा दिएका थिए, सात वर्ष अघि जड्सन्ले बर्मामा प्रथम चेला बनाएका थिए, मोरिसन्ले पहिलो चिनीया मानिसलाई ख्रीष्टमा ल्याउन सात वर्ष परिश्रम गरेका थिए, मोफात्ले घोषणा गर्दछ कि अफ्रिकाको बेचुआनासमाथि पवित्र आत्माको प्रत्यक्ष बहाव प्रथम पटक हेर्नलाई तिनले सात वर्ष पर्खेका थिए; बेन्जा मानटाकामा प्रथम परिवर्तन प्राप्त गर्न अगि कोङगोमा हेन्री रिचार्डस्ले सात वर्ष काम गरेका थिए’’ (गोरडोन 139:140)।

शैतानको एउटा प्रिय: रणनीति चाँहि परिस्थितीलाई अस्मभव बनाएर देखाउनु हो, जसले गर्दा हामी निरुत्साहित हुन्छौं र प्रार्थना गर्न छोड़ी दिन्छौं। त्यसको यसो गर्ने विषेश कारण प्रार्थनाको बिरुद्धमा त्यससित बचाउ हुँदैन । एउटा पुरानो कथन सत्य छ कि जब कमजोड़ सन्तलाई तिनको घुड़ामा त्यसले देख्छ, शैतान काँप्दछ। सबै प्रार्थना युद्ध सग्राम हो अनि जब तपाईले प्रार्थना गर्नुहुन्छ, तपाईले परिस्थितीमा कुनै परिवर्तन नदेखेता पनि शैतान हारीसकेको हुन्छ।

जे भएता पनि जब हामीले प्रार्थना गर्दा आत्मिक परिमण्डलमा के हुँदैछ भनी यदि हामीले देख्न सक्छौं भनें, हामी अत्ति प्रोत्साहित हुन्थ्यौं। याद गर्नुहोस् परमेश्वरले एलिशाको नोकरको आँखा कसरी खोलीदिनु भयो र शत्रुहरुबाट तिनीहरुलाई घोड़ा र अग्नी रथहरुले सुरक्षागरी राखेका तिनले देख्न सके (2 राजा 6:17)? तपाईले प्रतिफल देखुन वा नदेखुन यसरी हराएकाहरुको निम्ति प्रार्थना गरिनै रहौं, किनभने तपाईको प्राथनाहरुको उत्तर दिइरहनु भएको छ!!

यस किसिमको दृढ़ प्रयत्नको अविश्वासनीय घटना जर्ज मुल्लरको जीवनमा पाउँदछौं। किनभने तिनको सेवाकालमा धेरैजना झट्ट परिवर्तन भएको हुँदा तिनलाई

धेरै सफलता मिलेको थियो जसको निम्ति तिनले केवल प्रार्थना मात्र गरेका थिए, यसैले तिनमा यस्तो छाप परेको थियो कि संधै यस्तै किसिमले नै हुन्छ। तर यसबारे तिनको साक्षी सुन्नु होस्, ''यदि म भन्छु कि चौवन्न वर्ष नौ महिना भरि म प्रभु येशू ख्रीष्टमा एक विश्वासी वनी रहँदा मैले तीस हजार प्रार्थनाको उत्तर पाइकेको छु, त्यही घड़ीमा होस् वा विन्ती टक्राएको दिनमा होस्, म एक कण पनि टाड़ो जान हुँदैन...। तर हुनसक्छ एउटा वा अर्को गरेर समस्त प्रार्थनाको उत्तर तुरन्तै मिलीरहेको होला। सबैको त होइननै। कहिले कहिं हप्ता, महिना वा वर्षसम्म मैले परिर्वनु परेको छ; कहिले त–धेरै वर्ष...। 1844 सालको नोवेम्बर महिनामा पाँच व्यक्तिहरुको परिवर्तनको निम्ति प्रार्थना शुरु गरें। एउटै विश्राम नलिइ स्वस्थ्य वा अस्वस्थ्यमा होस्, धरती वा समुन्द्रमा र मेरो व्यस्ततामा जतिकै चाप किननै नपरेको होस् मैंले प्रत्येक दिन प्रार्थना गरिनै रहें। अठाह्र महिना बित्न लाग्दा पाँच जनामा एकजानाको परिवर्तन भयो। मैले परमेश्वरलाई धन्यवाद चढ़ाएँ, र अरु बाँकीहरुको निम्ति प्रार्थना जारी राखें। पाँच साल बितीसके पछि अर्को एकजनाको परिवर्तन भयो। दोसो व्यक्तिको निम्ति मैंले धन्यबाद टक्राएँ, अनि बाँकि तीनजनाको निम्ति प्रार्थना गर्नलागें। मैले तिनीहरुको निम्ति दिन–व–दिन प्रार्थना गरिनै रहें अनि तेस्रो परिवर्तन हुनभन्दा अगि अरु छ वर्ष बितेर गयो। मैले उसको निम्ति परमेश्वरलाई धन्यबाद दिएँ औ रहल ढुईजानाको निम्ति प्रार्थना गर्दै गएँ। यी दुइ मात्र परिवर्तन हुन बाँकि रहेको थियो। त्यो मानिस जसलाई परमेश्वरको अनुग्रहको प्रशस्ततामा प्रार्थनाको हजारौं गुणा उत्तरहरु दिइरहनु भएको छ। आफैमा त्यही समय वा दिनमा विन्ती टक्राएको हुँदा) तर ''यी ढुइ व्यक्तिहरुको परिवर्तनको निम्ति प्राय: छत्तीस वर्ष दिन–दिनै प्रार्थना भइरहेको भएता पनि तिनीहरु अपरिवर्तित नै रहे (स्टेर 246–47)।

तर यो कथा यहाँ टुँगिन्दैन। तिनले दिनदिनै र वर्षौ वर्ष प्रार्थना गरिनै रहे अनि त्यसपछि तिनले भनें, ''विशेष तात्पर्य उत्तर नपाइज्जेल सम्म कहिल्यै नत्यागनु। मैले एउटा मानिसको परिवर्तनको निम्ति त्रिसठ्ठी वर्ष आठ महिना प्रार्थना गरिरहेको छु। तिनी अहिले सम्मन् पनि बाँचेका छैनन्–तर उ बाँच्ने छ। नत्रभने यो कसरी हुन सकला.... म प्राथ्रना गर्दैछु।'' समय आयो जब मुल्लरको मित्रले ख्रीष्टलाई पाए। यो तबसम्म हुन सकेको थिएन जबसम्म मुल्लरलाई राखेको बाकस जमीन भित्र झरेको थिएन। त्यहाँ, खुला चिहानको अगाड़ी यो मित्रले तिनको हृदय परमेश्वरलाई दिए। दृढ़ प्रयत्नको प्रार्थनाले अर्को एउटा लड़ाई विजय भयो। मुल्लरको सफलतालाई चार प्रबल शब्दहरुमा संक्षेप गरेहुन्छ : ''तिनले त्यागेनन् (He did not quit)'' (इस्टमेन 99–100)।

किनभने प्रार्थना युद्ध संग्राम हो, म सुझाउन चाहन्छु कि प्रथमाक्रमण मध्यस्थतामा जरुरी छ। परमेश्वरले हामीलाई अविश्वासनीय अधिकार दिनुभएको छ (मत्ती 16:19), अनि हामीले यसलाई अभ्यास गर्न आज्ञात्मक ठहरिन्छ, विशेष गरेर बिश्व प्रचार धावामा (मत्ती 28:18–20)।

हामी जित्नेहरु हौं (प्रकाश 12:11) अनि ''विजेता भन्दा पनि महान'' (रोमी 8:37), अनि बलियो मानिसलाई हामीले ''आक्रमण गरेको'' परमेश्वरले चाहनुहुन्छ, जो शस्त्रले पूर्ण छ अनि ''त्यसको सम्पतीहरुलाई नष्ट गर्न'' को निम्ति त्यसलाई पराजित गरेको चाहनुहुन्छ (लूका 11:21–22)। हामीले अघिनै देखिसकेका छौं, शैतानले आत्माहरुलाई वन्धनमा राख्दछ र लड़ाई नगरी तिनीहरुलाई त्याग्दैनन्। तर हामी संधैनै सतर्क रहनुपर्छ किनकि ''हाम्रा युद्ध संग्रामको शस्त्रहरु संसारिक होइनन्, तर परमेश्वरबाट शक्तिशाली छन्'' (2 कोरिन्थी 10:4)। जब हामी लड़ाई गर्छौं–परमेश्वरको शस्त्र र हतियारहरुको साथमा तयार गरेर हामी प्रार्थनाद्वारा लड़्छौं (एफिसि 6:10–18)।

''नरकको ढोका'' विजय गर्न अनि उत्तेजनासाथ चढ़ाइ गर्नलाई परमेश्वरले उहाँका मण्डलीलाई सामर्थपूर्वक अधिकार दिनुभएको छ। तैपनि हामी विना प्रतिरोधक बसीरहेका छौं, नरकलाई ''त्यसको मुख बेनापले खोल्न दिइराखेका छौं'' (यशैया 5:14)। म रेभनहिलको यस घटनालाई पेश गर्ने तरिकाले उत्तेजित बनेको थिएँ, ''न्यायको संकष्टले मण्डलीमा घाँटी अँट्याउने विरक्तता छ'' (रेभनहिल 80)।

एउटा विशाल हात्तीलाई एउटा सानो खामोले मात्र थामेर राख्न सकिन्छ किनभने त्यसलाई उम्केकर जान सकदैनन् भन्ने विश्वासलाई प्रशिक्षा दिएका हुन्छन्, त्यसरी नै हाम्रो विशाल शक्ति (एफिसि 1:17–23) र अधिकार जो हामीले प्रयास नै नगरेको सम्बन्धमा जीवित परमेश्वरको मण्डली शैतान द्वारा छलिएकाछन्। जुन समय हामी अविश्वास र आलस्यमा कमजोड़ हुँदछौं त्यसले हाम्रा प्रियहरुलाई बन्धनमा पारिराख्दछ।

शैतानले त्यस्को अन्तिम हारलाई स्वीकार्ण चाहँदैन, त्यसलाई जबसम्म कर पर्दैन त्यसले कुनै पनि आफनो आधिपत्यलाई त्याग्न अस्विकार गर्दछ, त्यसले जे पनि जबरजस्ती लड़ेर स्वीकारेको छ, त्यसले आफनै हरेक कामको विरुद्धमा क्रूरताले र कटुताले विरोध गर्दछ (निवेल 27)। यसकारण आत्माहरुको लड़ाईमा हामी प्रथमाक्रमी हुने समय आएको छ, किनभने स्वर्गको राज्य ''उत्पातलाई सहन्छ अनि हिंस्रले यसलाई जबरजस्ती लिन्छ'' (मत्ती 11:12)।

जब अरुहरुको निम्ति प्रार्थना गरिन्छ, वकालत साह्रै असरदार हुन्छ। बाइबलीय उदाहरणहरु घेरै छन्; सदोमको लागी अब्राहम (उत्पत्ती 18), इस्राएलको लागी मोशा (प्रस्थान 22), यहूदाको निम्ति हिजकियाह (2 राजा 19) अनि यसरी नै सूची बड़्दै जान्छ। वकालतको प्राथमिक अर्थ परमेश्वरले किन तपाईको प्रार्थनाको उत्तर दिनपर्छ त्यसको बाइबलीय कारण परमेश्वरमा प्रस्तुत गर्नु हो। प्रभुले नै हामीलाई ''हाम्रो कड़ा मुद्दाहरु ल्याउनलाई'' सुचित गर्नुहुन्छ (यशैया 41:21)।

ए.टि. पायर्सनले भन्नु हुन्छ, ''हामीले परमेश्वरसित हाम्रो मुद्दा वहस गर्छौं, उहाँलाई विश्वास दिलाउनलाई चाँहि होइन, तर हामी आफैलाई विश्वास दिलाउन।

उहाँको आफनै वचन, शपथ र स्वभाव द्वारा आफैलाई प्रमाणित गर्न मध्यस्थ बनेर उहाँले आफैलाई सीमाबद्ध गर्नु भएको छ, हामीले हाम्रो आफ्नै विश्वासलाई प्रदर्शन गर्छौ जुन माग्ने र दावीगर्ने अधिकार उहाँले हामीलाई दिनभएको छ, अनि हाम्रो निवेदनको उत्तर उहाँले दिनुहनेछ किनभने उहाँले आफैलाई इन्कार गर्न सकनु हुन्न'' (पायर्सन् 150)।

वकालतको सामर्थ बारे स्पर्जन सशक्त बन्नु भएको थियो। उहाँले भन्नु भयो, ''प्रार्थना गर्दैगर्दा बहस गर्नु विश्वासको स्वभाव हो। केवल प्रार्थनामा बर्बराउनेहरु, जसले प्रार्थना नै गर्दैनन्, परमेश्वरसित बहस गर्न बिर्सेका हुन्छन्; तर जोहरु प्रवल हुन्छन् तिनीहरुको मुद्दाहरु र दृढ़ विवादहरु अधि ल्याउदछन् अनि परमेश्वरसित प्रश्नहरुमा तर्क गर्दछ... अरे, भाइहरु यसरी आदेशहरु, प्रतिज्ञाहरु र जे पनि सेवा हामीबाट हुँदछ त्यसको वकालत गर्न हामी सिकौं। जबसम्म तपाईले वकालत गर्नुभएको हुन्न तपाईले गर्नुभएको प्रार्थनालाई हिसाब नलगाउनु होस, किनभने बहस प्रार्थनाको मुख्य सांराश हो'' (स्पर्जन 49-50)।

जर्ज मुल्लरले भजन संग्रह 68:5 को पहिलो पाँच शब्दहरु लिनुभयो, ''टुहुराहरुका बाबु (A father to the Fatherless)'' अनि तिनीसित भएका टुहुराहरुको निम्ति वहस गर्नलाई यो वाक्यांश बारम्बार प्रयोग गरेका छन्। उहाँको आफ्नै शब्दहरु यसप्रकार छन् : अभावको समयमा परमेश्वरको सहयोग द्वारा, जसरी गर्नुहुन्थ्यो, टुहुराहरुको सम्मान गर्दै मेरो वहस यही हुनेछ, उहाँ तिनीहरुका पिता हुनुहुन्छ यसैकारण तिनीहरुको प्रवन्ध गर्नलाई उहाँ आफैले प्रतिज्ञा गर्नुभएको छ। मैले केवल यी गरीब नानीहरुको आवश्यक्ता पुरा गरियोस् भनी उहाँलाई सम्झना मात्र गराउनु पर्छ'' (पायेर्सन 143)।

म निश्चय छु कि आत्माहरुको मुक्तिको निम्ति वहस गर्नलाई हामीले प्रयोग गर्न सकिने सैयौं बाइबलका पदहरु छन्, तर समय र परिस्थितीको खातिर केवल थोरै मात्र उल्लेख गर्ने मौका छ। हामीले मानिसहरुको निम्ति परमेश्वरको प्रयोजनलाई वहस गर्नसक्छौं (यर्मियाह 1:5), (लूका 19:10), (2 पत्रुस 3:9), (प्रेरित 26:18) अनि (एफिसी 2:5-7)। हामीले मुक्ति सम्बन्ध परमेश्वरसित उहाँको प्रतिज्ञाहरुमा वहस गर्न सक्छौं (यूहन्ना 3:16), (यूहन्ना 1:12), (रोमी 10:13), अनि (यूहन्ना 6:37)। हामीले बचाउन परमेश्वरको सामर्थ प्रति वहस गर्न सक्छौं (हिब्रू 7:25), (रोमी 1:16), (1 कोरिन्थी 2:4-5) अनि (1 पत्रुस 1:3-5)। उहाँ सृष्टिकर्ता, उद्धारक, पिता र प्रभु हुनभएकोले मानिससितको संबन्धमा परमेश्वरको श्रेष्ठता हामीले वहस गर्न सक्छौं। मानिस प्रति परमेश्वरका ढङ्ग र विशेषतामा हामीले वहस गर्नसक्छौं जस्तै प्रेम, दया, अनुग्रह, उहाँको भद्रता र उहाँको सहनशीलता। मलाई मन पर्ने वहस चाँहि अरुलाई बचाउनमा उहाँको विगत क्रियान्वयनमा जोड़िन्छ: निनवे (ढुष्ट शहर जसलाई नष्ट गर्नलाई परमेश्वरले निर्णय गरिसक्नु भएको थियो), गेरासिनीको भूतहरु (जसले लाउँदैन थियो, चिहानहरुमा बस्तथियो,

साह्रै रिसाहा थियो, कोहि मानिस त्यसको सामने जान सक्दैन थियो, समाजबाट वहिष्कृत गरिएको, भूतात्माहरुको फौजले भरिएको, हामी कसैले कहिल्यै नजानेको भन्दा खराब, टार्ससको सावल (मण्डलीको विनाश र ध्वशं गर्ने) अनि लिड्डा र शारोनको शहर (प्रेरित 9:35)।

अर्को संकटस्पद भाज्यखण्ड यथार्थमा प्रार्थनाको वर्षलाई सम्पूर्णरूपले निरर्थक बनाउने हाम्रै अभिप्राय  हो जो साह्रै सुक्ष्म हुनसक्छ! हराएकाहरुको निम्ति प्रार्थना गर्ने हाम्रो प्राथमिक अभिप्राय परमेश्वरको महिमाको निम्ति हुनैपर्छ (यूहन्ना 15:8)। तर धेरै पल्ट हाम्रो अभिप्रायहरुमा स्वार्थ र घमण्डको बिष भरिएका हुन्छन्। माता–पिताले अभिप्राय दुषित छ भनेर नबुझिकनै परिवारको नामको खातिर तिनीहरुका ''कालो भेड़ाहरु'' को निम्ति घमण्डसाथ प्रार्थना गर्दै होलान्।

मैले मेरो ज्वाईंको निम्ति कुनै प्रतिफलको आशा नगरी एक साल प्रार्थनामा लागिरहें। तर जब तिनको अन्तिम चरणको क्यान्सर भएको पत्तो लाग्यो मेरो प्रार्थना अझ जोशीलो बन्नगयो, परमेश्वरले मलाई देखाउनु भयो कि ती खेरोभएको प्रार्थनाहरु सबै स्वार्थले लिप्त थिएछ। हेर्नुहोस् मेरो कारणहरु : मैले तिनलाई बाँचेको चाहन्थे कि मेरो बहिनीले आफनो असल लोग्ने फिर्ता पाओस, अनि मेरा भान्जा–भान्जीले तिनीहरुका प्यारो बाबुलाई पाओस्। यसैकारणले उसको निम्ति मैले गरेको प्रार्थनाको उत्तर परमेश्वरले दिनुभएन।  जे भएता पनि जब मेरो अभिप्राय चोखो बनिए, परमेश्वरले तिनलाई बचाउनु भयो!!

बाइबल यस बिषयमा अत्यन्त निर्मल छन् : ''तिमीहरु माग्द छौ, तर पाउँदैनौ किनभने आफनो सुख विलासमा खर्च गर्नलाई बेठीक सँग माग्दछौ (याकूब 4:3)। यदि तपाईले कुनै परिणामलाई नहेरी विशेष व्यक्तिको निम्ति लामो समयदेखि प्रार्थना गर्दै हुनुहुन्छ भने (विशेष गरी परिवारको सदस्य वा घनिष्ट मित्र), तपाईको अभिप्रायः सफा छ कि छैन् भनी जाँचगर्न सक्नुहुन्छ (प्रथम परमेश्वरको महिमाको निम्ति)।

कानूनको अदालतमा विरोधी मुखतियारले एउटा प्रश्नरेखा, एक निर्दिष्ट तर्क वा केहि प्रमाणहरुको प्रस्तुतीलाई न्यायानुसार घेराबाहिररहेको विश्वास गर्दा ''विरोध'' गर्नसक्छ। यदि न्यायधिसले स्वीकारे भने तिनले विरोधलाई ''थामी राख्ने'' छ जसलाई व्यर्थ र शुन्य बेकानुनी रणनीति भनी अनुवाद गरिन्छ। यसरीनै आत्मिक परिमण्डलमा सत्य छ। हामीले हाम्रा हराएका प्रियहरुको मुद्दालाई बाइबलका दर्जनौ तर्कहरु प्रयोग गर्दै वाक्यटुता संग वकालत गर्नसक्छौं, तर यदि हाम्रो अभिप्राय गलत छ भने, शैतानले ''विरोध'' गर्छ अनि परमेश्वरले हाम्रो सबै प्रार्थना र वहसलाई व्यर्थ र सुन्य वर्णन गर्दै शैतानलाई सहमत दिनैपर्छ!! यदि  हामीले आफनो अभिप्रायलाई ठीक गरेनौं भने जस्को निम्ति हामीले प्रार्थना गर्दै थियौं त्यो व्यक्ति मर्नेछ र नरकमा पर्नेछ।

मध्यस्थको अर्को पूर्ण तत्व बलिदान दिने आत्मा   हो। यसलाई प्रेरित पावलको जीवनमा प्रदर्शन गारिएको हामीले पाउँछौं जसले यहूदी जातीको निम्ति ''ख्रीष्टबाट

श्राप हुन'' इच्छुक थिए (रोमी 9:3), मोशा जसले मानिसहरुका पापको कारणले गर्दा अर्को चालिस दिन र रात उपवास र प्रार्थना गरे (व्यवस्था 9:18-19); एस्थर जसले घोषणा गरे, ''मेरो विनाश भए पनि होस'' (एस्तर 4:16)।

जब मैले व्यक्तिगत् घर्मप्रचारवाद बारे एउटा अध्ययन गोष्ठी विसतार विभागमा सिकाइरहेको थिएँ, मैले प्रार्थनाको एउटा सूची कार्डमा यस्तो लेख, ''म तिम्रो निम्ति नरकमा जान्छु'' छपाएको थिएँ। यसको उदेश्य ती मानिसहरुको नाउँको सूची बनाउनु थियो, जस्को सट्टामा नरक जानलाई र नियमित रूपमा प्रार्थना गर्नलाई इच्छुक छौं भन्ने थियो। सभाको अर्को कक्षामा मेरा क्षात्रहरुलाई कार्ड बाँड़ि सकेपछि एकजना पास्टरले भन्नुभयो, ''मलाई लाग्दैन कि म कसैको निम्ति नरकमा जानेछु।'' तिनले हामी सबैको लागि धेरै बोली दिहाले। परमेश्वरले हामीलाई नरकमा अरुको स्थान लिन स्वीकृति नदिनु भएता पनि यदि हामी अत्तिनै इच्छुक भयौं भने तिनीहरुको निम्ति हाम्रो प्रार्थनाको प्रभाव बड़्ने थियो!!

अरु सबै कुरा समान्तर भएको हुनाले हराएकाहरुको निम्ति प्रार्थनामा एकता अधिकतम् शक्तिशाली भाज्यखण्ड हो। यसले सामान्यरुपमा तुरन्तै परिणाम उत्पन्न गर्दछ!! जसरी आतशी शीशाले (magnifying glass) एउटै निर्दिष्ट स्थानमा संकेन्द्रित गरेर सूर्यको किरणबाट आगो बाल्नसकिन्छ, त्यसरीनै इसाईहरुले विशेष व्यक्तिको बलियो मानिसलाई उखेल्नको निम्ति संयूक्त रूपले प्रार्थना गर्नसक्छन् अनि उसको जीवनमा पुत्रको शक्ति केन्द्रित गर्नसकिन्छ।

विलियम केरिको छोराको जीवनको परिवर्तनमा केहि यस्तै घटना घटेको थियो। यो लण्डनमा ब्याप्टिस्ट मिसनेरी सोसाइटिको तत्वधानमा सम्पन्न भइरहेको वार्षिक सभाको समयमा भएको थियो। डाक्टर रेल्याण्डले जावेजको निम्ति बोझीत भएर भन्नुभयो : ''प्रिय:हरु, जावेज केरीको परिवर्तनको निम्ति घोर शान्तमय ढंगले संयूक्त विश्व अनि उत्साही प्रार्थना हामीले माथि परमेश्वरलाई पठाइदिऔं।'' जसै पवित्र आत्मा अचानक सभामा उत्रनुभयो, सारा मण्डली प्राय: ढुइ हजार व्यक्तिहरुले मौन प्रार्थना गरिदिए। केरिले जावेजबाट चाँड़ै तिनको परिवर्तन बारे बताएका एउटा पत्र प्राप्त गरिन, ''यो स्मरणीय प्रार्थनाको घड़ी मिल्नलाई प्राय: ठिक जागृतिको समय प्राप्त भएको थियो'' (गोर्डन 87-88)।

जीम् सिम्बाला भन्नुहुन्छ कि कसरी तिनले आफनो छोरी ख्रीस्सीको निम्ति अढाइ वर्ष सम्म प्रत्यक्ष परिणाम नपाए पनि प्रार्थनामा कष्ट भोगीरहे। तब ब्रूक्लीन टेबरनेकलमा मंगलबारको रात प्रार्थना सभाको समयमा एकजना तरुनी ठिटीलाई ख्रीस्सीको निम्ति तिनीहरुले प्रार्थना गर्नुपर्छ भन्ने प्रभावमा पारे। त्यस रात ''मण्डली एउटा प्रसववेदना कोठामा परिणत भयो। त्यहाँ एउटा विलाप निस्कियो, एक तीब्र संकल्पको चेतना, यसो भन्नलाई, ''शैतान, तैंले यो केटि पाउने छैनस्। यसबाट तेरो

हात हटाइ हाल– उ फर्कि आउँदैछ!'' अनि बत्तीस घण्टा पछि त्यस्तै नै भयो (सिम्बाला 63–65)!!

जब लूइसीयानाको जोन्स, न्यू होप ब्यप्टिस्ट चर्चको पास्टरले तिनका मण्डलीलाई एउटा कागजको टुक्रामा तिनीहरुले परिवर्तन भएको देख्न चाहेको कसैको नाम लेख्नलाई र त्यस व्यक्तिको निम्ति प्रार्थना गर्न आफैलाई सर्म्पित गर्नलाई लल्कानु भयो, अठाह्र जनाले ''माइक डोलेस'' लेखे। ढुइ हप्ताको समयभित्र उ प्रतापी भएर परिवर्तन भए।

आफनो लोग्ने बाँचुन भनेर प्रार्थनाको निष्फल अठाह्र वर्ष पश्चात, हेलेन ग्रोशामले तिनको पास्टर मिकी हुडनललाई प्रार्थनाको निम्ति सहयोग मागे। दुइजना मिलेर रिकीको निम्ति एकसाथ प्रार्थना गर्नलागे, उ ढुई महिना भन्दा कममा उदेकरूपले परिवर्तन भए। जसै तपाईले तिनको साक्षी सुन्नुहुन्छ कि ढुइ महिनाको अवधीमा परमेश्वरले तिनको जीवनमा अभियान गर्नुभएको ती सबै कुराहरुमा तपाई आनन्दपूर्वक प्रसन्न बन्नुहुनेछ। साँचै, तिनको स्वास्नी र तिनको पास्टरले तिनको निम्ति प्रार्थना गरिरहेका थिए भनी तिनलाई पत्तोनै थिएन।

हराएकाहरुको निम्ति एकनासे प्रार्थनाको डरलाग्दो शक्तिलाई कथन गरौं : ढुइ हजार जनाले जाबेज केरीको निम्ति प्रार्थना गरे अनि उ त्यही समयमा परिवर्तन भए, कैयौं विश्वासीहरुले ख्रीस्सी सिम्बालाको निम्ति प्रार्थना गरे अनि तिनले बत्तीस घण्टा भित्रमा पश्चताप गरेका थिए, अठाह्र जनाले माइक डोलस्को निम्ति प्रार्थना गरेका थिए र तिनी ढुइ हप्ता भित्रमानै बाँचेका थिए, दुइजनाले रिकी ग्रेशाषको निम्ति प्रार्थना गरेका थिए र उ ढुइ महिना भन्दा पनि कम समयमा पूर्णरूपले बदलिएका थिए!!

अह्हा, यदि तपाईले तपाईको प्रियहरुका निम्ति तपाईलाई प्रार्थनामा सहयोग दिने कसैलाई भेटाउन सक्नहुन्छ भने, तपाईले नाटकीय नतीजाहरु देख्नुहनेछ!! किनभने दुइजनाले आत्मिक परिमण्डलमा दश हजारलाई लखेटन सक्छन् (व्यवस्था 32:30) अनि दुइजना प्रार्थनामा ''एक चित्तको बने'' प्रभु स्वयमको अनुरूप तिनीहरुको विन्ति संधै ग्रहण गरिनेछ (मत्ती 18:19)।

म तपाईलाई बताउन चाहन्छु, किन हराएकाहरुको निम्ति एकनासे प्रार्थना त्यत्ति सामर्थी छ। प्रथम अनि प्रमुख चाँहि परमेश्वरले उहाँका जनहरु माँझ अविश्वासनीय महत्व एकतामा राख्नुभएको छ। उहाँले गर्नुभएको प्रार्थनामा प्रमाणित गरिएको यो हाम्रो निम्ति प्रभुको इच्छा हो (यूहन्ना 17) जहाँ उहाँले पाँच पटक प्रार्थना गर्नु हुन्छ कि हामी ''एक होऔं।'' परमेश्वरको सूचीमा हामीले गर्नुपर्ने प्रथम कुरा हो ''सबै मानिसहरुको निम्ति प्रार्थना गर्नु... कि तिनीहरु बचाइएको होस् (1 तिमोथी 2:1–4)। अहिले, जबकि एकता बिल्कुलै कम छ अनि मध्यस्थहरु असाध्यै कम छन् (परमेश्वरले इस्राएलमा एउटै पनि भेटाउनु भएन–यशैया 59:16) जब तपाईले यी दुवैलाई एकसाथ मिलाउनु हुन्छ – मध्यस्थतामा एकता– तपाईसित दोबर कमी

हुनजान्छ। परमेश्वरले यसलाई अत्ति बहुमुल्य भेटाउनु हुन्छ कि उहाँले हाम्रो उन्मत्त कल्पनादेखि बाहिर प्रशस्त आशिष दिनुहुन्छ!!!

दोस्रो कारण वास्तवमा साधरण छ–एउटा व्यक्तिको जीवनलाई नियंत्रण गर्ने एउटै मात्र बलियो मानिस छ। जब कैयौं परमेश्वरका जनहरु एउटा बलियो मानिसको विरुद्धमा आउँछन्, त्यो सहजैसित परास्त हुँदछ किनभने ''जो संसारमा छ त्यो भन्दा महान उहाँ हुनुहुन्छ जो हामी भित्र बास गर्नुहुन्छ'' (1 यूहन्ना 4:3-4)। त्यसपछि ''त्यसको सम्पत्ती नष्टगर्ने'' एउटै सम्बन्धमा सरल मामला छ। धेरै पल्ट हराएका व्यक्तिहरु सहायताको निम्ति तपाईकहाँ पनि आउने गर्छन्। यस्तो घटना जिम्बो बारेन्टाइन्सित भएको थियो। मैले उसको निम्ति प्रार्थना गर्नलाई जनवरीमा तिनको धर्मपत्नी राहेलसित वाचा बाँधेको थिएँ। दुइ महिना पछि तिनी यस्तो पूर्ण दृढ विश्वासमा परेर मलाई खोज्दै मेरो कार्यलयमा तिनी आएका थिए। तर म अर्कान्सासमा यी सामग्रीहरु बारे एउटा प्रार्थना सम्मेलनमा सिकाइरहेको थिएँ, त्यसो हुँदा तिनी हाम्रो अर्को प्रचारकको घरमा मुक्तिको मार्ग पत्तो लगाउनलाई गएका थिए। तिनले म फर्कि आउञ्जेल सम्म पर्खन सकेन, तिनलाई त्यही घरी त्यहींनै बाँच्न परेको थियो!

तेस्रो कारण हो–त्यसको घमण्ड तोड़िएको छ। जसरी परमेश्वरमा महिमा वास गर्दछ, शैतानमा घमण्ड वास गर्दछ। अनि जबसम्म प्रार्थनाको सहयोगको निम्ति सोध्नलाई कोहि नम्र बन्दैनन्, शैतानले परिस्थितीलाई नियंत्रणमा राखिछोड्न सामान्यरूपले योग्य हुन्छ। त्यसबाहेक परमेश्वर स्वयमले ''अभिमानीहरुको विरोध गर्नुहुन्छ, तर नम्रहरुलाई अनुग्रह गर्नुहुन्छ (याकूब 4:6)। मैले कैयों प्रसंगहरुमा एकजना हराएका लोग्नेलाई गवाही दिने प्रयास गरेको छु, स्वास्नीले उसको असल गुणहरुको बारेमा सुनाउने गर्थे। तिनको घमण्डले परमेश्वरको अगि तिनको दैनिय अवस्थालाई मानीलिन दिदैन थियो। फलस्वरूप यी मध्ये कुनैलाई पनि मैले ख्रीष्टमा कहिल्यै जितीन।



अध्याय 4

# निश्चित विन्ती

प्राय: हामी सबैले कोहि बचाइएको होस भनी प्रार्थना गर्दा कठिनाइहरु सामना गर्छौं किनभने हामी सबैले यसो भन्दछौं ''हे परमेश्वर फलना-फलानालाई बचाइदिनु होस्।'' प्रार्थनामा एउटै कुरा घरि-घरि दोहोर्‍याउँदा हामी मुर्ख बन्छौं, यसो हुनाले हामी सामान्यरूपले प्रार्थना गर्न छोड़ी दिन्छौं। जे भएतापनि यस किसमको प्रार्थना चार क्षेत्रहरुमा मुचिन्छ: व्यक्तिगत, आत्मा जित्ने, परमेश्वरको वचन, र जागृती। जब हामी निश्चित क्षेत्रहरुको निम्ति प्रार्थना गर्न सिक्छौं, हाम्रो मध्यस्थ असरदार अनि हाँकदिने बन्दछ।

आरम्भ गर्नलाई हामीले व्यक्तिको निम्ति नाम काड़ेर तिनको जीवनमा पाँच कुराहरु गरिदिउँन भनी प्रार्थना गरौं। सर्वप्रथम प्रभुले तिनलाई शुद्ध पारिदिऊन भनी प्रार्थना गरौं। यो सुन्नमा अनौठो लाग्ला, तर परमेश्वरले प्रत्येक व्यक्तिको जीवनमा मुक्तिको काम यसरीनै आरम्भ गर्नुहुन्छ। उद्धारको निम्ति त्यस व्यक्तिलाई बचाउन अघि निरन्तर उहाँले त्यसलाई शुद्ध पार्नुहुन्छ वा ''अलग गर्नुहुन्छ।''

1 पत्रुस 1:2 मा बाइबलले सफासंग यस सत्यतालाई बुझाउँदछ, ''पिताको पूर्वज्ञान अनुसार आत्माको पवित्रतामा आज्ञाकारिता, र येशू ख्रीष्टको रगतको छिटकाको निम्ति...'' यस्तै भावप्रकाश 2 थिस्सोलिनीकी 2:13-14 मा हामीले देख्नसक्छौं, ''परमेश्वरले तिमीहरुलाई शुरुदेखिनै आत्माको पवित्रता र सत्यताको विश्वासमा मुक्तिको लागि चुन्नभयो...''

परमेश्वरले यो व्यक्तिको वरिपरि एउटा अदेख घेरा कोरेको जस्तै हो अनि त्यसपछि सहन गर्ने उसको प्रभावहरुलाई त्यसभित्र तयार पार्न आरम्भ गर्नुहुन्छ। जे पनि ''त्यस घेरा भित्र'' आउँछ, त्यसभित्र अघिबाटै भएकोलाई सोझै अनि अधिकतर असर पार्दछ। जब परमेश्वर स्वयम त्यस घेरा भित्र पस्नु हुन्छ, अविश्वासनीय कुराहरु घटन लाग्नेछ, जब तपाईले पछिबाट यस पुस्तकमा व्यक्तिगत शाक्षीहरु पढ़नुहुन्छ तपाईले थाहा गर्नुहुने छ।

यो उदेकको सत्यता हामी जस्तै अरुहरुका निम्ति प्रार्थना गर्नेहरुलाई ठूलो प्रोत्साहन हो किनभने हामी निर्धक्क हुनसक्छौं कि पवित्र आत्मा जो कटनीको प्रभु हुनुहुन्छ आफनो मानिसलाई उहाँले एक पल्ट पवित्र गरिसकेको संधै भेटाउनु हुन्छ! एकजना कलेजको छात्रले, नास्तिक बन्ने प्रतिज्ञा गरेको सी.एस. लीविसलाई वर्णन गर्दै एउटा पत्र लेखेछन् कि तिनले केहि इसाई छात्रहरुसित मित्रता गरेछन जोहरुले

तिनलाई विश्वासको बारेमा बलियो किसिमले गवाही दिएछन्। तिनीहरुले भनेका कतिपय कुराहरु उसको विचारमा ठहरीन सकेनछ; तिनी कैयौं कठिनाइहरु भित्र भएर गइरहेका थिए। डाक्टर लिवीसले के विचार गरेछन? लिवीस्ले लेखि पठाए, ''मलाई लाग्छ तिमी अधिबाटै जालमा फँसीसकेका छौ पवित्र आत्मा तिम्रो पछि छ। मलाई शंका छ तिमी उन्कने छौ भनेर'' (ड्यून 118)।

तिनलाई प्रभुले आशिष दिऊन मनी प्रार्थना गरौं। जब येशूले तिनका चेलाहरुलाई ''कटनी'' गर्नलाई पठाउनु भयो, उहाँले तिनीहरुलाई पहिले यसो भन्नलाई निर्दिष्ट आज्ञाहरु दिनुभयो, ''यस घरलाई शान्ती होस् (लूका 10:1-5)। यो सदा परमेश्वरको भलोपनले व्यक्ति-व्यक्तिलाई पश्चताप गर्नतर्फ डोरयाउँदछ (रोमी 2:4); यो आवश्यक छ कि तिनीहरुलाई उदारचित्तले आर्शिवाद दिऊन भनी हामी परमेश्वरलाई नम्रतासंग मांग्छौं।

तर कहिले-कहिं जब अरुहरुको उद्धारको निम्ति हाम्रो प्रार्थनाहरुले शिघ्र परिणामहरु ल्याउँदैनन्, हामी निराश र ब्याकुल हुनलाग्छौं, ''कष्टको लाठीले तिनीहरुलाई शिक्षा दिनलाई'' परमेश्वरको इच्छा गुप्तमा गर्छौं। जब सामरीयाका गाँवहरुले प्रभुलाई इन्कार गरे, तिनीहरुलाई परमेश्वरको आगोले त्यहीं भस्म गरिदियोस भनी उहाँका चेलाहरुले इच्छा गरेथे। उहाँले तिनीहरुलाई हप्काएर भन्नुभयो, ''के तिमीहरुलाई थाहा छैन् यो तिमीहरुको कस्तो किसिमको आत्मा हो, किनभने मानिसको पुत्र मानिसहरुको जीवन नष्ट गर्नलाई आएको होइन, तर बचाउनलाई हो'' (लूका 9:52-56)। यदि हामीले हाम्रा प्रियः उद्धारकर्ताको अनुकरण गर्नुछ भने, हामीले सबै मानिसहरुको निम्ति परमेश्वरका असल थोकहरुको निम्ति लगातार इच्छा राख्नै पर्छ। हामीले, जसको निम्ति प्रार्थना गर्छौं तिनीहरु माथि उहाँको सर्वोत्तम थोकहरु रहोस भनेर विशेष रूपले माग्नैपर्छ।

तेस्रो, हामीले व्यक्तिलाई दोषि ठहराउनलाई प्रभुलाई सोधौं, जबकि उद्धारको निम्ति दृढविश्वास पूर्णरूपले आवश्यक छन्। पवित्र आत्माले मात्र कसैमा दृढ़विश्वास ल्याउन सक्छ, यसैले हाम्रो प्रार्थनाहरुमा यूहन्ना 16:8-11 वकालत गर्नलाई हामीले असल गरौं। दृढ़ विश्वासको मूल अर्थ गलतीको विश्वास गर्नु। हराएकाहरुको गलती र समस्या हो ''येशूलाई विश्वास नगर्नु'' अनि यो पाप हो जसलाई पवित्र आत्माले दोषि ठहराउँछ (यूहन्ना 16:9)।

ख्रीष्टमा विश्वास नगर्नेहरुको पाप बाहेक मानिसहरुलाई अघिबाटै थाहा छन् कि तिनीहरुका ''पाप'' के.के. हुन्। पाप मात्र भएकोले नरकको दण्ड छ, शैतानले तिनीहरुलाई यसमा अन्धा बनाएर राख्दछ। यसकारण पवित्र आत्माले हराएकाहरुलाई केवल एउटै विषयमा दोषि ठहराउँदछ वा विश्वास दिलाउँछ, उहाँको महिमामा प्रभु येशू ख्रीष्ट तिनीहरुमा प्रकट हुनभएकोले तिनीहरु बाँच्न सक्नेछन्। तथापी, हामीले जान्नै पर्छ कि दृढ़ विश्वासले मुक्तिको आश्वासन आफै आफ दिदैन। जसै पावलले

‘‘धार्मिकता, संयम र पछि हुने इन्साफको विषयमा बहस गर्दा फेलिक्स डराए...’’ (प्रेरित 24:25) तर तिनी बाँचे भनेर बाइबलमा कत्तैपनि संकेत दिइएको छैन्।

अर्को, उसको मनलाई सत्यता तर्फ ल्याइदिऊन भनी हामी प्रभुसित विन्ती गरौं। एक जना मुक्तिको आवश्यक्ताको विश्वासमा आएपछि पनि ख्रीष्टको महिमीत सुसमाचारको ज्योती तर्फ तिनको नबुझ्ने मन बन्द नै रहनसक्छ अनि उ आत्मिक अन्धकारमा नै रहिरहन्छ (2 कोरिन्थी 4:6)। सत्यता प्रति एकपल्ट मन र हृदय खोलिए पछि परमेश्वरले तिनलाई सुसमाचार व्याखा गर्न इसाईहरुलाई प्रयोग गर्नुहुन्छ। एथोपिया देशको खजाञ्चीले सत्यको खोज गर्ने भएता पनि र यरुशलेममा उपासना गर्नलाई आएको भएता पनि अनि धर्मपुस्तक हात पारेता पनि, तिनले स्विकारे कि ‘‘कुनै मनिसले मलाई नडोराए सम्म’’ उनले बुझ्ननै सकेनन् (प्रेरित 8:26–39)।

एउटा अझ चाखलाख्दो घटना कर्नीलियसको छ (प्रेरित 10)। तिनी एक ‘‘धार्मिक (पवित्र) मानिस थिए अनि तिनको परिवार सबैले परमेश्वरको भय राख्थे, मानिसहरुलाई दान गर्थे अनि परमेश्वरलाई निरन्तर प्रार्थना गर्थे।’’ अहहा, तिनी हामीले चिनेका अधिक इसाईहरु भन्दा धेरै असल थिए, तैपनि तिनी हराएका नै थिए – तिनले मुक्तिको मार्ग बुझेकानै थिएनन्। तिनलाई एउटा स्वर्गेदुतले पत्रुसलाई बोलाइ पठाउन आदेश दिएका थिए ‘‘तिनलाई भन तिनले के गर्नु पर्छ।’’ कर्नीलियस र तिनीसित भएकाहरु सुसमाचार तर्फ खुलस्त भएको हुनाले जब तिनीहरुले ‘‘वचन’’ सुने, पत्रुसले प्रचार गरिरहेको बेला पवित्र आत्मा तिनीहरुमाथि आए र तिनीहरु सबै बाँचे!!

हराएकाहरुको मन र हृदयलाई खोली दिऊन भनी प्रभुसंग विन्ती गरौं–उहाँले गर्नुहुनेछ! तब, तिनहरु प्रतापी भएर बाँच्नसकने छ।

अब तिनलाई बचाउन प्रभुसित प्रार्थना गर्न हामी तयार छौं। जे भएपनि तिनको मुक्ति सुगम पार्नलाई परमेश्वरले जेसुकै लिए पनि हामी इच्छुक हुनैपर्छ; किनभने परमेश्वरले तिनलाई पश्चतापमा ल्याउन तिनको जीवन मनतव्यमा घटनाहरु मिलाउनु हुन्छ।

लूका 19:10 को व्याखामा, ‘‘किनभने मानिसको पुत्र हराएकाहरुलाई खोज्न र उद्धार गर्न आएको हो,’’ केफरले भन्दछ, ‘‘नबाँचेका मानिसहरुलाई पत्तो लगाउने प्रयासमात्र गरेको भन्दा यसको धेरै अर्थ हुनैपर्छ, किनभने तिनीहरु प्रत्येक माथि प्रभाव परेका छन्। शर्तले नबाँचेकाहरुको स्वर्गीय तयारीमा सल्लाह दिंदछ जसले मुक्तिको आवश्यक स्थितीहरुसित तिनीहरुलाई समायोजन भित्र ल्याउनेछ’’ (केफर 3–4)।

टोनी फोन्टेनोटको परिवारले तिनको उद्धारको निम्ति धेरै वर्षसम्म प्रार्थना गरेका थिए। भाग्यपूर्ण दिनमा तिनको हवाइ जहाज दुर्घटनामा परेर जलेको कारण मृत्युको मुखसम्म पुगे। परमेश्वरले तिनको ध्यान राख्नु भएको थियो–बाँकी सरल थियो!

जब एउटा व्यक्तिले सुसमाचारलाई ग्रहण गर्न तयार हुँदछ, कसैले यो उसित बाँड्‌चुड्‌ गर्नैपर्छ। यसैले त्यसोगर्न कसैलाई पठाउने स्वभाविक काम प्रभुसित प्रार्थना गर्नु हो। ''साँच्चै फसल प्रशस्तै छन्, तर खेतालाहरु थोरै छन्; फसलको प्रभुलाई यसकारण प्रार्थना गरौं, ताकि उहाँको फसलमा उहाँले खेतालाहरु पठाइदिऊन'' (मत्ती 9:37:38)।

किनभने खेतालाहरु थोरै छन्, जसको मतलब ''अवस्था, अवसर, संख्या, अवधि वा गुणमा कमजोर'' (स्ट्रङ्गस्‌ शब्दकोष), यो क्षेत्रमा परमेश्वरको सहयोगको निम्ति हामीले प्रार्थना गर्नैपर्छ। उहाँले धेरै खेतालाहरु पठाउन भनी हामीले पहिले प्रार्थना गरौं। ग्रीक शब्द ''एक्‌बालो'' बलपूर्वक निकाल्ने, धपाउने, फ्याँक्ने शक्तिको प्रयोग गर्ने विचार–विधि हो।

परमेश्वरको वचन प्रचार गर्न योनालाई निनवेमा लैजानलाई उहाँले सामना गर्नुपरेको बाधा याद छ? परमेश्वरले यर्थातमा तिनलाई जानलाई ''कर लगाउनु भयो!'' एउटा यस्तै किसिमको परिस्थिती घटेको थियो जब मण्डली तिनीहरुको आराम परिधिदेखि बाहिर सुसमाचार फैलाउनमा प्रत्यक्षरूपले अनिच्छुक थिए। परमेश्वरले यरूशलेममा भएका मण्डली विरुद्ध महा कष्ट आउन दिनुभयो, अनि तिनीहरु यहूदिया र सामरियाको भूभागहरुमा छरिएका थिए'' (प्रेरित 8:1)। तर ''ती तितर–बितर भएकाहरुले जतातते गएर वचनको सुसमाचार सुनाउन लागे (प्रेरित 8:4)।

जब खेतालाहरु संख्यामा मात्र कम नभएर महत्व र अवधीमा पनि कमजोर छन्, तिनीहरुलाई आवश्यक गुणहरुले सुसज्जित पारिदिऊन भनी प्रभुलाई प्रार्थना गरौं ताकि तिनीहरुलाई प्रभावकारी गवाहीहरु बनाइदिऊन। यदपी, सारा हतियारहरु बहुमुल्य पवित्र आत्मा द्वारा आउँछन्‌ भनेर हामी बुझौं। शामुएल चाड्‌विक भन्नुहुन्छ, ''आत्माको शक्ति उहाँका जनहरुबाट नछुट्याउने हुन्छ। परमेश्वरले उहाँको विशेषतालाई छोड्‌नुहुन्न। उहाँको शक्तिलाई भाड़ामा लिन सकिन्दैन। त्यसलाई उहाँको उपस्थितीबाट अलग गर्न सकिन्दैन.... उहाँ शक्ति प्रदान गर्ने मात्र हुनुहुन्न उहाँले त्यसलाई काममा लाउनुहुन्छ। अरु कसैले सकदैन'' (चाड्‌विक 89)।

यसोसले येशूले चेलाहरुलाई यरूशलेममा नै परिर्वरहनलाई आज्ञा दिनुभयो, तबसम्म ''तिमीहरु पवित्र आत्माले वप्तिस्मा हुँदैनौं'' (प्रेरित 1:4–5)। त्यसपछि उहाँले तिनीहरुलाई भन्नु भयो, ''पवित्र आत्मा तिमीहरुमा आउनु भएपछि तिमीहरुले शक्ति पाउनेछौ, औ तिमीहरु यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तसम्म मेरा गवाही हुनेछौ '' (प्रेरित 1:8)।

पवित्र आत्माको भरपूरी हाम्रो जन्मशिद्ध अधिकार भएता, पनि (प्रेरित 2:38–39), सम्पूर्ण मण्डलीले ''विश्वास गर्नेहरु तर्फ उहाँको शक्तिको अत्यन्त महानता (एफिसी 1:19) लाई धेरै कममात्रामा बुझेकाछन्।'' फलस्वरूप हाम्रा वापिरिका आत्माहरु नरक भित्र डुब्लकी लगाइरहेका छन्, किनभने परमेश्वरको पवित्र आत्माको सामर्थ–बिना

त्यसलाई रोक्न हामी शक्तिहिन छौं। यसकारण उहाँका खेतालाहरुलाई उहाँको आत्मा शक्तिले सुसज्जित (योग्यता र सामर्थ), साहस (प्रेरित 4:31) बुद्धि (हितोपदेश 11:30), जोस (कलस्सी 4:12–13), दया (यहूदा 22–23) र ईश्वरीय दृष्टि (यर्मियाह 33:3) ले भरिदिऊन भनी प्रभुसित प्रार्थना गरौं। अनि आत्माहरु बाँच्ने छन् !!!

व्यक्तिहरु बचाइन र तिनीहरुलाई गवाही दिने खेतालाहरुको निम्ति प्रार्थना गरिसकेपछि तिनीहरुसित परमेश्वरको वचन बाँड्नलाई हामी प्रार्थना गरौं। यसको दोबर कारण छः सर्वप्रथम, परमेश्वरको वचन नसुनीकन कोहि पनि बाँच्ने छैनन् (रोमी 10:14), अनि दोस्रो, शैतानले परमेश्वरको वचनलाई घृणा गर्दछ अनि मानिसहरुलाई वचन ग्रहण गर्नबाट त्यसको क्रूर चेष्टामा लगातार अनि दुष्ट प्रकारले आक्रमण गरिरहन्छ। हराएकाहरुलाई बचाउन (1 पत्रुस 1:23), दोषि ठहराउन (प्रेरित 2:37), र स्वतन्त्र गराउन (यूहन्ना 8:32) परमेश्वरको वचनको आवश्यक्ता परेको हुनाले शैतानले यसलाई बिघ्न (लूका 8:11–15), किल्ला (2 कोरिन्थी 10:4–5), र स्थानापन्नता (2 कोरिन्थी 11:3–4) साथ बलपूर्वक विरोध गर्दछ।

परमेश्वरको वचन शैतानको लागि अतिमानवको निम्ति क्रिप्टोनाइट (Kryptorite) झैं हुन्छ–यसले त्यसलाई कमजोड़ र असुरक्षित बनाउँछ। त्यसको बन्धनमा परेकाहरुलाई मुक्त गर्नाले त्यसको राज्य पनि सानो हुन्छ किनभने ''तिमीहरुले सत्य के हो, सो जान्ने छौ, र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ (यूहन्ना 8:32)। तर याद गर्नुहोस् जसले तपाईलाई स्वतन्त्र गराउँदछ सत्य त्यो होइन, तर सत्यलाई तपाईले जान्नु हो। यसैले, सत्यलाई ''जान्न'' देखि मानिसलाई रोक्न शैतानले हर तरहले कोशिष गर्दछ।

येशूले चेलाहरुलाई विउ छर्नेको उखान व्याखा गर्दैहुँदा उहाँले भन्नु भयो कि व्यक्तिले वचन बुझ्न भन्दा अगाड़िनै शैतान झट्ट आउँछ र चोरेर लैजान्छ (मर्कूस 4:15)। यसैले नै यो आदेशात्मक छन् कि हामीले परमेश्वरको वचन हराएकाहरुलाई बाँड़िरहेको हुनाले प्रार्थना गरौं।

हराएकाहरुको परिवर्तन हुनलाई उहाँको वचन प्रयोग गर्न परमेश्वरलाई प्रार्थना गर्दाहुँदी पाँच वटा निश्चित विन्तिहरु हामी गरौं। प्रथम उहाँको वचन ''फैलियोस'' (2 थिस्सलोनिकी 3:1), यसको साधरण अर्थ विना रुकावट शैतानले परमेश्वरको वचनको प्रचुरतालाई कुनै रितीले रोकन सकनेछैन्। त्यसले भए–भरको युक्तिले परमेश्वरको वचन छर्नेलाई वाधा र दुःख दिएर वचनलाई वङ्गाएर, वचनको छापिएको पन्नाहरुलाई नष्ट गरेर, वचनमा शंका हालिदिएर रोक्ने प्रयास गर्दछ।

अर्को, हामीले परमेश्वरको वचन महिमित हुनलाई प्रार्थना गरौं (2 थिस्सलोनिकी 3:1)। यसको अर्थ जसले सुन्छन् तिनीहरु माझ मान–सन्मान र इज्जत पाउनलाई। जब हामीले देख्छौं कि उहाँले ''आफनो वचन आफना सारा नाउँमा श्रेष्ट तुल्याउनु भएको छ'' (भजन संग्रह 138:2) उहाँको वचनको कारणले हामीले नयाँ सत्कार पाउनेछौं।

वस्तुत, परमेश्वर आफै वचन देहधारी हुनुहुन्छ। ''आदिमा वचन थियो, औ वचन परमेश्वर सँग थियो, औ वचन परमेश्वरनै थियो... अनि वचन देह हुनआयो र हाम्रा विचमा बास गर्‍यो...(यूहन्ना 1:1,14)।

परमेश्वरको वचन फैलिन्दै जानलाई पनि हामी प्रार्थना गरौं (प्रेरित 12:24); किनभने कटनीको एउटा व्यवस्था: ''किफायती सँग छर्नेले किफायती सँग काट्छ'' (2 कोरिन्थी 9:6)।

परमेश्वरको वचन प्रवल वा सामर्थ्यमा बढ्नुलाई पनि हामी प्रार्थना गरौं (प्रेरित 19:20)। जसरी एउटा वीउमा जीवन शक्ति प्रवेश गर्नथाल्छ, कड़ा फल्यांकलाई पनि त्यसले चर्काउन सक्छ, यसरी नै परमेश्वरको वचनको बीउ एउटा हृदयमा गाँड़िएपछि त्यसै गर्नेछ।

परमेश्वरको वचनको निम्ति मेरो मनपर्दो प्रार्थना हो–कि त्यो असरदार होऊन। प्रेरित 14:1 ले भन्दछ कि तिनीहरुले ''यसरी बोले कि यहूदी र ग्रीकहरु समेतबाट एक ठूलो भीड़ले विश्वास गर्‍यो।'' यशैया 55:11 लाई हामी वहस गर्नसक्छौं, ''त्यसरीनै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ। त्यो म कहाँ ब्यर्थै फर्कने छैन्, तर मैले इच्छा गरेको काम त्यसले पुरा गर्नेछ , र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ।'' परमेश्वरले उहाँको वचन प्रभावकारी बनेको चाहनुहुन्छ; यस्तै हुनलाई उहाँसित माँग्नुहोस् अनि उहाँको स्वर्गीय इच्छामा तपाईले प्रार्थना गर्नलाग्नु हुन्छ र तपाईको प्रार्थनाको उत्तरहरु मिल्नेछ!!

म तपाईलाई सम्झना गराइदिऊँ कि यहूदा इस्कोरियोती परमेश्वरको जीवित वचनसित निरन्तर सम्पर्कमा रहन्थे तरैपनि उ मरे अनि ख्रीष्टले भने अनुसार नरकमा गए, ''त्यस मानिसको जन्मै नभएको भएता त्यसको निम्ति असल हुनेथियो'' (मर्कूस 14:22)। ती दिनका फरिसीहरु जो अत्ति धार्मिक व्यक्तिहरु थिए जोहरुले परमेश्वरका वचनहरु हातहरुमा बाँधेर हिंड्थे अनि धर्मशास्त्रको धेरै भागहरु मुखस्त बताउन सक्थे, तैपनि तिनीहरुले पाउन पर्ने परमेश्वरको राज्य देखि टाड़ै थिए।

हामीले बुझ्न सक्छौं कि केवल पवित्र आत्माले मात्र सुन्नेहरुको हृदयमा वचनले उत्तेजित पार्दछ... यसरी एकजना बाँच्न सकनेछ। यसैकारणले नै ती सुन्नेहरुको जीवनमा परमेश्वरको वचन प्रभावीत बन्नलाई हामीले प्रार्थना गर्नैपर्छ!!!

यदि भीड़हरु बाँचेको हामी पक्कै हेर्नचाहन्छौं भने, जागृतीको निम्ति हामीले प्रार्थना गर्नु आवश्यक छ। जागृतीको लागि धर्मपुस्तक यसप्रकारले आरम्भ हुन्छ, ''यदि मेरो आफनै नाउँ दिएको मेरो प्रजाले मप्रति अपर्ण गरेर प्रार्थना गर्छ....'' (2 इतिहास 7:14)। यसमा थाहा गरिएको प्रार्थना अरुको निम्ति मध्यस्थ प्रार्थना हो। अयूबले तिनका मित्रहरुको निम्ति प्रार्थना गरेपछि मात्र (माथिको जस्तै एउटै हिब्रू शब्द) परमेश्वरले तिनको अवस्थालाई नाटकिय ढंगमा बदलाउनु भयो (अय्यूब 42:10)।

जागृतीको समयहरुका सबैको प्रार्थना प्रायः केवल अरुको निम्ति हुन्छ। डन्कान् क्याम्बेलले जागृतीलाई यस किलिमले वर्णन गर्दछ, ''मानिसलाई परमेश्वरसित मिलाउनु'' (एड्वार्ड 26)। जब मानिसहरु परमेश्वरसित मिलेका हुन्छन्, तिनहरु, आफ्नो भन्दा अरुहरुको बारेमा धेर चिन्ता गर्नेहुन्छन्। आत्माहरुको निम्ति तिनको मनोविकार अरुहरुका निम्ति नै भइरहन्छ!!

जागृतीको समयहरुमा प्रार्थनाको विशिष्टतालाई फिन्नेले गरेको वर्णनलाई सुन्नुहोस्: ''मैले एकपल्ट भन्दा बढ़ी भनिसकेको छु कि प्रार्थनाको आत्मा जो ती जागृतीहरुमा बलियो रहेको हुन्छ, तिनीहरुको विशेष रूप हुँदथ्यो। प्रार्थनामा सक्रिय हुनलाई यी नयाँ विश्वासीहरुका निम्ति सामान्य थियो; केहि उदाहरणहरु : तिनीहरुका वरिपरि भएका आत्माहरुको परिवर्तनको निम्ति तिनीहरुको शारिरिक शक्ति केहिमात्रामा नरित्तिए सम्म वाध्यता हुन्थ्यो। इसाईहरुको मनमाथि पवित्र आत्माको ठूलो दबाव थियो; र नै तिनीहरुले अमर आत्माहरुको बोझ आफैले लिएका देखापर्थे... जहिले-तहिले इसाईहरु कुनै स्थानमा भेला हुन्थे, परिवर्तनमा तलिन हुनको सट्टा तिनीहरुलाई घुड़ाको प्रार्थनामा भेटाउनु सामान्य विषय नै थियो।

प्रार्थना सभाहरु मात्र अधिक बड़दै गएनन् अनि पूर्ण उपस्थितीमात्र... तर गुप्त प्रार्थनामा सामर्थी आत्मा थिए। इसाईहरुले गरेको प्रार्थनाको ठूलो परिणाम धेरैजानाले व्यक्तिगत् प्रार्थनामा धेरै समय बिताइरहेका थिए। यसको अर्को कारण दुइ वा बड़ीले प्रतिज्ञालाई अपनाएकोले हो : ''यदि पृथ्वीमा दुइजना एक मनको भएर कुनै कुरा माँग्छौं भने स्वर्गमा हुनुहुने मेरा पिताले त्यो गर्नुहुनेछ' अनि केहि विशेष व्यक्तिलाई प्रार्थनाको विषय बनाउनु हुन्छ; अनि तिनीहरु जुनै अवसरमा सफल भए त्यो बहुत अदभुत हुन्थ्यो। प्रार्थनाको उत्तर हरेक तर्फ यसरी नै स्पष्टरुपले बड़ेर गए, ताकि कोहि पनि बिश्वासबाट उम्कन नसकोस भनेर परमेश्वरले प्रत्येक दिन र घण्टौं पछि प्रार्थनाको उत्तर दिइरहनुभएको थियो'' (फिन्ने 141-42)।

जागृती बारे स-र-र पढ़दै जाँदा झट्ट प्रकट गर्दछ कि यी समस्याहरुमा सैकड़ौं, हजारौं र करोड़ौं आत्माहरु ख्रीष्टमा परिवर्तन भएका छन्। जोनाथान एड्वार्डस्ले पनि जागृतीको मुख्य उदेश्यलाई परमेश्वरले उहाँकै राज्य वृद्धि गर्नलाई प्रयोग गर्नुहुन्छ भनी विचार पोखाउनु भएको छ (एड्वार्डस् 26)। यसैले यदि तपाईले आत्माहरु बाँचेको हेर्न चाहनु हुन्छ भने जागृतीको निम्ति प्रार्थना गर्नुहोस्!!!



अध्याय 5

# आत्मिक युद्ध संग्राम

हराएकाहरुको निम्ति प्रार्थनामा प्राथमिक उदेश्य तिनीहरुलाई बचाउन परमेश्वरलाई बिश्वास दिलाऊनु होइन किनभने उहाँले ''कोहि पनि नष्ट नभएको इच्छा'' गर्नुहुन्छ (2 पत्रुस 3:9), सारा संसारको पापको निम्ति प्रायश्चित हुनलाई ख्रीष्टलाई पठाउनु भएको छ (1 यूहन्ना 2:2) तर शैतानीक प्रभाव परेकाहरुलाई छुटाउन र तिनीहरु बाँच्न सकोस् भनी आत्मिक युद्ध संग्रामद्वारा गर्नु असल हुन्छ।

यी आलोचनात्मक सत्यतालाई बुझ्नमा तिनीहरुको निराश परिस्थितीबाट बाइबलीय ब्याखाको छोटों पूनर्विचारले हामीलाई मदत गर्नेछ। हराएकाहरु बन्धुवा हुन् जसलाई शैतानले मुक्त गर्न इन्कार गर्दछ (यशैया 14:17), शैतानको अधिकार र सिमा अधिन दासहरु हुन् (प्रेरित 26:18), शैतानको छोरा-छोरीहरु (यूहन्ना 8:44), सुसमाचारमा अन्धा पारिएकाहरु (2 कोरिन्थी 4:3-4), शैतानद्वारा "चलाइएकाहरु" (एफिसी 2:2), शैतानको अधिनमा परेका (1 यूहन्ना 5:19), र बलियो मानिसको घर (मर्कूस 3:27)।

धर्मशास्त्रका केहि स-साना विस्तारहरुले हामीलाई स्पष्ट चित्र देखाउनेछ। उदहारणको लागी, एफिसी 2:2 ले भन्दछ, ''जसमा यस संसारका रीतिअनुसार, आकाशको शक्तिको मालिक अनुसार, अनाज्ञाकारिताका सन्तानमा काम गर्ने आत्मा अनुसार तिमीहरु अघि एक पल्ट चल्दथियौ'' ग्रीक शब्दमा काम गर्नेलाई इनर्जियो भन्दछ–''काम गराउने।'' यसको अर्थ हुन्छ कि हराएकाहरुलाई ''शैतानको आत्माले काम गर्न लाउँछन्। पक्कै पनि एउटा हराएका मानिसले जान्दैन, अनि यदि तिनले गरेको भएता पनि त्यसलाई अवश्यै मानिलिंदैन। उसलाई लाग्दछ कि उ स्वतन्त्र छ (उसको हराएको भाग यही हो), तर सत्यमा उसको कार्यशैली लाई अंधकारको शक्तिको राजकुमारले निर्देश दिंदछ '' (डन् 120)।

1 यूहन्ना 5:19 मा हेरौं, ''हामी जाँन्दछौं, कि हामी परमेश्वरका हौं, र सारा संसार त्यस दुष्टको अधीनमा परेको छ।'' यसको मतलब सारा संसार (त्यस भित्र भएका सबैथोक समेत) पूर्णरूपले साष्टाङ्ग दण्डवत गर्न दुष्टको प्रभाव अधीन परेको छ। वेब्स्टर शब्दकोशले साष्टाङ्ग दण्डवतलाई ''तुच्छ आत्मा समर्पणमा अनुहार घोप्टाएर भुईमा पस्रिनु, पूर्णरूपले अधीनमा रहनु'' भनी पुष्टि गर्दछ। यस पदको सम्बन्धमा स्कट्ले संसारको बारेमा यसो भन्दछ, ''यी 'दुष्टमा परेका' त्यसको अधिकार मुनि र पंजामा परेकाछन्। त्यसमाथि पनि त्यसले झूट बोल्दछ। मुक्त हुनलाई

फुर्तिलोसाथ संघर्ष गरेझैं यसले प्रतिनिधित्व गरेको छैन् तर शैतानको बाहुलीमा चुपचाप लेटे झैं, सायद नजानीकन निन्द्रामा परेको झै। दुष्टले इसाईलाई 'छुने' गर्दैन तर संसार असहाय भएर त्यसको मुठीमा छ'' (स्कट् 193)।

त्सपछि मर्कूस 3:27 लाई बाइबलमा हराएकालाई ख्रीष्टमा जितने सम्बन्धमा भएको अति मुख्य पद भनी मानिलिन्छु। यस पदमा येशू स्वयंमले भन्नु हुन्छ, ''कसैले बलियो मानिसको घरमा पसेर उसको माल लुटनसक्तैन, जबसम्म त्यसले बलियो मानिसलाई पहिले बाँद्धैन, र त्यसपछि पो त्यसले उसको घर लूटनेछ।'' यदि यो पदको अर्थ केहि हुनसक्छ भने, यसको अर्थ यहि नै हुन्छ कि हराएको व्यक्ति कहिल्यै बाँच्न सक्तैन जबसम्म कसैले उसलाई नियंत्रण गर्ने भूतात्मा देखि छुटाउँदैन। हामीले पूर्ण रूपले गर्नुपर्ने प्रथम कुरानै यही हो। छुटकारा गराउने तरीका प्रार्थना द्वारा शिद्ध हुँदछ!!

आत्माहरुको निम्ति युद्ध जित्नलाई केहि प्राथमिक कुराहरु हामीले गर्न खाँचो छ। पहिले त हाम्रा परमेश्वरले नियुक्त गर्नुभएको हतियारहरुलाई प्रयोग गर्नुछ। जब मैले काका सामबाट मसौदा लिइरहेको थिएँ कि मेरो सेना प्रशिक्षणको अंशमा हतियारहरु चलाउन सिक्दा मैले भियतनाम युद्धमा यी हतियारहरु प्रयोग गर्न पाउँछु भन्ने आशा राखेको थिएँ। मेरोमा भएको M–16 सित मलाई परिचित हुनुथ्यो कि मैले त्यसलाई अंध्यारोमा पनि खोल्न र जोड़न सकनु पर्थ्यो किनभने युद्ध क्षेत्रमा यो खुबी र विरताको काम संभाब्य जीवन बचाउने झैं मानिन्थ्यो।

परमेश्वरले हाम्रो निम्ति आत्मिक युद्धमा प्रयोग गर्नलाई शक्तिशाली हतियारहरु जुटाइदिनु भएको छ। ''किनभने हाम्रो युद्धको हतियारहरु शारीरिक होइनन्, तर किल्लाहरु भत्काउन सकनेझैं छन्, ती परमेश्वरका सामने शक्तिमान छन्। (2 कोरिन्थी 10:4)। हाम्रो समस्या चाँहि, हामी नता हाम्रा हतियारहरुसित या त युद्धसित नै परिचित छौं।

तर तपाईको हतियारहरुसित र त्यसलाई कसरी प्रयोग गर्नु भनी तपाइलाई परिचित गराउन अघि म तपाईलाई सम्झना दिलाउन चाहन्छु कि वास्तविक लड़ाईं प्रार्थना हो–हामी प्रार्थनाद्वारा लड़छौं। मैले ब्रदर मिक्की बोन्नरले भनेको धेरै पल्ट सुनेको छु कि सारा प्रार्थना युद्ध संग्राम हुन् !! यसैले जब हामीले प्रार्थना गरेका हुँदैनौं, शैतानले त्रुटिबाटै जितीरहेका हुन्छन्, तर जब हामी प्रार्थना गर्न लाग्छौं, त्यो हार्दै जान्छ किनभने प्रार्थनाको निम्ति त्यससित बचावनै छैन्। हामीले ''निरन्तर प्रार्थना गरिरहन'' (1 थिस्सलोनिकी 5:17) लाई किन परमेश्वरले चाहनु भयो र प्रेरितहरुले किन ''निरन्तर प्रार्थना गर्नलाई र वचनको सेवा गर्नलाई'' (प्रेरित 6:4) आफैलाई दिइहाले?

युद्धको सारा भौतिक हतियार जस्तै : बम्बर, ट्यांक्स, मिसायल, ग्रीनेड, राइफल इत्यादि... एउटै उदेश्यको निम्ति प्रयोग गरिन्छ–शत्रुलाई पराजीत गर्न–यसरीनै सारा

आत्मिक हतियारहरु त्यसै गर्नलाई प्रयोग गरिन्छ! यसैले हामी शक्तिशाली हतियारहरुसित परिचित होऔं र जहिले तहिले हामीले प्रार्थना गर्दा त्यसलाई प्रयोग गरौं।

ख्रीष्टको रगत हाम्रो एउटा अत्ति शक्तिशाली हतियार हो। प्रकाश 12:11 ले भन्दछ, ''थूमाको रगतद्वारा तिनीहरुले त्यसलाई जितेकाछन्...'' हिब्रू 2:14 ले हामीलाई भन्दछ कि किन प्रार्थनामा ख्रीष्टको रगतलाई विन्ती गर्दा त्यत्ति शक्तिशाली छ : ''मृत्युको सामर्थ्य भएको, अर्थात शैतानलाई मृत्यु द्वारा रददी पार्नलाई।'' स्ट्रङ्ग शब्दकोषले ''रददी पार्नलाई...'' ''पूर्णरूपले काम नलाग्ने गरेर दिनु; सुन्य पार्नु'' भनी पुष्टि गर्दछ।

''जब शैतानले परमेश्वरको निर्दोष पुत्रलाई मारे, त्यसले आफैलाई नष्ट गरे... ध्वंस गरेनन, तर नष्ट गरे। सबै वैधानिक अधिकारहरु जो चाँहि पृथ्वीमाथि र आदमको पतनद्वारा त्यसले सुरक्षित पारेको थियो अब सम्पूर्णरूपले खारेज भएको छ; क्रूसको कार्यपछि त्यसको कसैमाथि वा कुनै थोकमाथि कुनै रीतिले अधिकार नै छैन्। यसको मतलब जुन शक्तिहरु आज सम्म त्यसले प्रयोग गरेकाछन् सबै धोका र ठगेर प्रयोग गरेकोछ'' (बिल्हेमर 31)।

जब हामी ख्रीष्टको रगतलाई दाबी गर्छौं, हामीले शैतान र त्यसको सबै भूतहरुलाई संझना गराइरहेका हुन्छौं कि तिनीहरु अगाड़िनै पराजित भएका छन्। जबदेखि ख्रीष्टको रगत क्रूसमा बहे सबै मानवजातीहरुको निम्ति पापको ऋण तिरिदिनु भएको हुनाले आत्माहरुको निम्ति युद्धमा विशेषरूपले अर्थपूर्ण छ (1 यूहन्ना 2:2) र अब शैतानले आत्माहरुलाई ठगेर मात्र बन्धुवा पार्छन् – किनभने यसले तिनीहरुलाई छोड़िदेओस भनी हामीले जोर दिएका छैनौं!!

अर्को अत्ति सामर्थी हतियार येशूको नाम हो! प्रभुका चेलाहरु गवाहीको प्रचारबाट फर्केर आउँदा खुशिसाथ कराएर भने, हे प्रभु, तपाईको नाउँले भूतहरु पनि हाम्रा वशमा आए'' लूका (10:17)। भूतहरु पनि हाम्रो अधिनमा छन्!

हाम्रा प्रभु येशू ख्रीष्टको नाउँ आत्मिक परिमण्डलमा किन शक्तिशाली छ भन्ने तीन बाइबलीय कारणहरु छन्। सर्वप्रथम कारण हो–उहाँ सारा सृष्टिका प्रभु हुनुहुन्छ : ''किनभने उहाँमा नै सबैथोक सृष्टि भएका थिए, स्वर्गमा र पृथ्वीमाथि भएका दृष्य र अदृष्य थोकहरु, चाहे सिंहासनहरु, चाहे राज्यहरु, चाहे प्रधानताहरु , चाहे प्रभुत्वहरु , सबैथोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्'' (कलस्सी 1:16)।

अनि दोस्रो, उहाँ क्रूसको बलिदान द्वारा प्रभु हुनुहुन्छ: "मृत्युका सामर्थ्य भएको, अर्थात शैतानलाई मृत्युद्वारा रददी पार्नालाई, यिनैको सहभागी हुनुभयो। औ मृत्युको डरले जीवनभरि दासत्वमा फँसेकाहरु सबैलाई छुटाउन पनि हो" (हिब्रू 2:14-15)।

अनि तेस्रो उहाँ राज्याभिषेक हुनभएकोले प्रभु हुनुहुन्छ : ''उहाँ स्वर्गमा गएर परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ। स्वर्गदूतहरु, अख्तियारहरु र शक्तिहरु उहाँकै अधीनमा राखिएका छन्'' (1 पत्रुस 3:22)।

जब हामीले हराएकाहरुको निम्ति मध्यस्थ गर्दा र तिनीहरुलाई छुटकारा दिऊन भनी माँगगर्दै प्रभु येशूको आज्ञालाई सोझै पालन गरिरहेका हुन्छौ, तिनीहरुलाई नियंत्रण गर्ने भुतात्माहरुले आज्ञा पालन गर्नैपर्छ, किनभने तिनीहरु उहाँको अधीनमा छन्।

परमेश्वरको वचन अर्को एउटा शक्तिशाली हतियार हो, जसलाई हामीले प्रार्थनामा प्रयोग गर्नसक्छौं। जसै हामीले अगाड़िनै देखि सक्यौं, धर्मशास्त्रलाई वहस गर्नाले वास्तवमा असरदार बन्दछ। परमेश्वरको वचनलाई ''आत्माको तरवार'' पनि भनिएको छ (एफिसी 6:17)।

जब देखि शैतानको शक्ति र अधिकारलाई कलवरीमा सम्पूर्णरूपले नाँगो पारिएको थियो (कलस्सी 2:15) (हिब्रू 2:14), अब त्यसले गरेका सबै काम झूटा छन्। तरैपनि कसरी ''सारा संसारलाई ठग्नमा'' (प्रकाश 12:9) त्यो अत्ति चलाक र सक्षम देखिन्छ। तर परमेश्वरको वचन ''सत्य'' छ, सत्यले हर समय हिर्काउँछ। यसैले, यदि प्रार्थनाको युद्ध संग्राममा परमेश्वरको वचनलाई हामीले लगातारूपमा प्रयोग गर्छौं भने हरेक क्षण हाम्रै विजय हुनेछ अनि आत्माहरु स्वतन्त्र बन्नेछन्!!!

हामीले प्रयोग गर्न सकिने अर्को हतियार प्रशंसा हो, किनभने जब हामीले परमेश्वरको प्रशंसा गर्न शुरू गर्दछौं, उहाँ विराजमान हुनुहुन्छ (भजन संग्रह 22:3) अनि प्रधान-सेनापतीलाई युद्धको घटनास्थलमा पाउनु कत्ति असल हुन्छ!! 2 इतिहासको 20 पदमा प्रशंसाको शक्ति बारे एउटा शुन्दर शाक्षीको कथन पाउँदछौं। यहूदालाई कैयौं विरोधी राष्ट्रहरुको सेनाहरु मिलेर आक्रमण गरिरहेका थिए। परिस्थिती साह्रै नैराश्यपूर्ण भएको हुनाले राजा यहोशापातले सारा यहूदाभरिनै ''उपवास र प्रार्थना'' गर्नलाई घोषणा गरे। तर, ''तिनीहरुको प्रशंसाको चर्को आवाज सुन्ने बित्तिकै परमप्रभुले यहूदा संग युद्ध गर्न आएका अम्मोनी, मोआबी र सेईरको पहाड़ीदेशका मानिसहरुलाई अल्मलाई दिनुभयो र तिनीहरुलाई परास्त गर्नुभयो'' (पद 22)।

आत्माहरुको निम्ति लड़ाईमा प्रशंसा कत्ति शक्तिशाली छ भन्ने विचार हामी धेरैमा छैनन्। हुन सक्छ कि यसको महान शक्तिलाई बुझ्न हामीले प्रायः प्रयोग अर्थात अभ्यास नै गरेका छैनौं? आत्माहरुको खातीर जोन् हेड्स्को अन्वेषणमा प्रशंसाको महत्वपूर्ण भूमिकालाई फ्रांसिस् मेकगोले बाँड़नु भएको सुनौं : ''जोन्ले भनेको म विचार गर्छु कि ती दिनहरुमा यदि दिनमा कुनै चार आत्माहरु बगालमा ल्याइएन भने, त्यस रात तिनको हृदयमा यस्तो बोझ हुँद थियो अनि त्यो स्पष्टरूपले कष्टमय हुन्थे, अनि तिनी खान वा सुत्न पनि सक्तैन थिए। के कारणले आशिषमा वाधा आएको हो देखाइ दिऊन भनी प्रभुलाई प्रार्थनामा सोद्धथे। तिनले अटल हिसाबले पत्तो लगाए कि तिनको जीवनमा प्रशंसाको खाँचो थियो। यो आज्ञा सैयौं पटक परमेश्वरको वचनमा दोहोरयाइएको छ—साँच्चै यो अत्ति महत्वपूर्ण छ! तिनले आफनो भूलको स्वीकार गरे अनि लहू द्वारा क्षमा ग्रहण गरे। त्यसपछि तिनले परमेश्वरको अरु वरदानको निम्ति झैं प्रशंसाको लागि पनि प्रार्थना गर्नलागे। यसरी तिनले ख्रीष्टको

मालाको निम्ति तिनको खरानी, ख्रीष्टको आनन्दको तेलको निम्ति तिनको विलौना साटे, प्रशंसाको ख्रीष्टको पोशाकको निम्ति आफनो भारको आत्मा गर्नलाग्न भएको थियो साटे (उहाँले के भनी थूमाको भजनले अघिबाटै परमेश्वरलाई प्रशंसा), अनि जसै तिनले परमेश्वरलाई प्रशंसा दिनलागे आत्माहरु तिनीकहाँ आउन थाले र कम भएको संख्या पूरा हुनथाले'' (केरि 39)।

उपवास अर्को शक्तिशाली तर हाम्रो अस्त्रगारमा थोरै प्रयोग भएको हतियार हो। यसलाई ''अधिकतम् प्रबल शक्ति'' पनि भनेका छन् जो हाम्रो इच्छामा छ। मेरो व्यक्तिगत् विचारमा उपवासले कमसे-कम दश गुणा प्रार्थनाको शक्तिलाई बढ़ाउँछ!

हाम्रो युद्ध संग्रामको उदेश्य शत्रुलाई परास्त गर्नु हो अनि त्यो प्रभावसंग गर्नलाई उपवास आधार हो। यशैया 58:6 लाई सुन्नुहोस, ''दुष्टताको बन्धन फुकाउनु, र अत्यचारमा परेकाहरुलाई मुक्त गराउनु, औ हरेक जुवा भाँचिदिनु, मैले चुनेको उपवास यही होइन र? एकपल्ट एउटा सानो ठिटाबाट भूतआत्मा निकाल्नमा चेलाहरु असफल बनेका थिए, तब येशूले तिनीहरुलाई भन्नु भयो कि ''यस किसिमको चाँहि प्रार्थना र उपवासले बाहेक अरु कुनै उपायले निस्कन सक्तैन'' (मर्कूस 9:29)।

अर्को एउटा हतियार जसले आत्मिक परिमण्डलमा ओधीनै शक्ति प्रयोग गर्छ त्यो हो प्रेम। जसले प्रभुलाई आफ्ना सारा शक्तिले प्रेम गर्दछ र हराएका आत्महरुलाई आफैलाई झैं प्रेम गर्दछ, थाम्न सक्नेछैन्!! प्रकाश 12:11 ले भन्दछ, ''औ थूमाको रगत, र तिनका वचनको साक्षीको कारण, र तिनीहरुले मृत्यु सम्मै आफ्नो जीवनको पनि प्रेम नराखेका हुनाले तिनीहरुले त्यसलाई जितेकाछन्।''

जब तपाईले कसैलाई धेरै माया गर्नुहुन्छ, तिनीहरुलाई नरकबाट निकाल्नलाई तपाईले जे पनि गर्नुहुनेछ। सत्य यही हो कि प्रेम कहिल्यै टल्दैन। प्रेम ''सबै कुरा सहन्छ, सबै कुराको पत्यारा गर्छ, सबै कुराको आशा गर्छ, सबै कुरामा स्थिर रहन्छ. ..कहिल्यै टल्दैन'' (1 कुरन्थी 13:7-8)।

त्यसरी परमेश्वरले हामीलाई दिनुभएको हतियारहरु चलाएर जब प्रार्थना गरिन्छ के हुँदछ? 2 कोरिन्थी 10:4-5 ले हामीलाई भन्दछ, ''किनभने हाम्रो युद्धका हतियार शारीरिक होइनन्, तर किल्लाहरु भत्काउन सक्नेझैं छन्, ती परमेश्वरका सामने शक्तिमान छन्, परमेश्वरको ज्ञानको विरुद्धमा खड़ा हुने कल्पना र हरेक उच्च कुरालाई हामी खण्डन गर्छौं र हरेक विचारलाई ख्रीष्टको आज्ञा मान्नलाई अधिनमा पार्छौं।

प्रार्थनामा काम लगाएका हतियारहरु किल्लाहरु भत्काउनलाई, कल्पनाहरु खसाल्नलाई र विचारहरुलाई अधिनमा पार्नलाई तयार गरिएका हुन्। किल्लाहरु मनमा बसालिएका छन् जो परमेश्वरको इच्छा र वचन विरुद्ध छन्। यसरी हामीले झट्ट देख्न सक्छौं कि युद्ध-भूमी एउटा व्यक्तिको मन हो किनभने हामीले उच्च कुरा, कल्पना र विचारसित वर्ताव गर्दछौं।

यो संकटस्पद छ किनभने जसले मनलाई नियंत्रण गर्दछ त्यसले व्यक्तिलाई नियंत्रण गर्दछ भनी हामी बुझ्दछौं। यदि शैतानले एउटा नबचाइएको व्यक्तिको मनलाई लगातार नियंत्रण गर्नु सक्छ भने, त्यसले त्यो व्यक्तिलाई बाँच्नदेखि टाढ़ै राख्नमा योग्य बन्नेछ। यसो गर्नलाई त्यसको निम्ति एउटै उपाय चाँहि सुसमाचार प्रति त्यस व्यक्तिलाई अन्धा बनाइ राख्नु हो, किनभने कसैले पनि तिनको ''साँचो'' मनले शैतान माथि येशूलाई चुन्नेछ् अनि हरेक पल नरक माथि स्वर्गलाई! जब गिरासिनीको मानिसबाट भूतहरुको सेनालाई निकालेका थिए, तिनी आफैले सोच्न र चुन्नसक्थे–तिनले येशूलाई मात्र चुनेनन् तर उहाँको निम्ति एक बल्दो प्रचारक पनि भए (मर्कूस 5:15–20)।

परमेश्वरको सम्बन्धमा पुराना टुक्का प्रयोग गर्नलाई मानिस पूर्णरूपले, समस्तप्रकारले एक स्वतन्त्र कारिन्दा हो; अनि अहिले सम्मन् पाप, स्वार्थपन र पूर्णधारणहरु जसै सम्बन्धित छन् उ यस संसारमा अधिकतम् बन्धुवामा परेको कारिन्दा हो। हाम्रो प्रार्थनाको उदेश्य त्यसको इच्छालाई जबरजस्ती गर्नु वा कर लगाउनु होइन; त्यो कहिल्यै होइन। त्यसको अल्मल्याउने प्रभावहरुको इच्छालाई स्वतन्त्र गराउनु हो, जो एकातिर अल्मलिएकाहरुलाई अब अर्कोतर्फ अल्मल्याउने हो। उसको आखाँबाट धुलो निकाल्नु हो जसमा कि उसको दृष्टि सफा हुनेछ। अनि एकपल्ट स्वतन्त्र भइसकेपछि पूर्णधारणा विना कुराहरुलाई संतुलन बनाइराख्नलाई सही देख्ने हुनेछ, सही कुरामात्र चुन्नलाई सम्पूर्ण सम्भावना तिनको इच्छा प्रयोगको पक्षमा हुँदछ....हाम्रो प्रार्थना 'तिनलाई दुष्टबाट बचाउनु' हो, किनभने बन्दी बनाउनेमाथि येशू विजयी हुनुहुन्छ, उद्धारको काम शुरुहुनेछ। कुनै शंका नगरी यस्ता प्रार्थनाद्वारा हाम्रो हृदयमा छापिएको परिवर्तनलाई निश्चय गर्नसक्छौं। येशूको नाममा प्रार्थना गर्नाले मान्छेको इच्छाको यूद्ध–भूमीबाट शत्रुलाई लखेटी पठाउंछौ, अनि तिनले राम्ररीसित चुन्नलाई स्वतन्त्र छोड़ी दिन्छौं'' (गोर्डन 192–94)।




अब हामीले बुझ्यौं कि परमेश्वरले शैतानको किल्लाहरु भत्काउनलाई हाम्रो प्रार्थनाहरुलाई प्रयोग गर्नुहुन्छ, कसरी शैतानले मानिसहरुलाई बाँच्नदेखि तिनहरुको जीवनमा किल्लाहरुलाई प्रयोग गर्दछ, हामी हेरौं। किल्लाहरुमा सबैभन्दा बलियो अविश्वास हो। हराएका वा बाँचेका प्रत्येक व्यक्तिहरुमा यो मुरव्य किल्ला यही हो!! एउटा इसाईमा परमेश्वरको वचनमा भएका केहि सत्यता जसले तिनलाई परमेश्वरको राज्यमा शक्तिशाली र प्रभावशाली बनाउनेछ त्यसमा साँचो प्रकारले विश्वास गर्नदेखि टाढ़ै

राख्नलाई त्यो रचिएको हुन्छ। तर नबचाइएकाहरुमा येशू ख्रीष्टलाई उद्धारकर्ता र प्रभुहुनुहुन्छ भनी विश्वास गर्नदेखि टाड़ै राख्नलाई रचिएको हुन्छ।

अविश्वास केवल पाप हो जसले नरकको दण्ड दिन्छ, शैतानले अरु किल्लाहरुको तुलनामा यसलाई अनमोलको ठान्दँछ। कुनै मनको विचार जो परमेश्वरको इच्छा र वचन विरुद्ध छ त्यसले गर्दछ। जब एउटा धनी मानिसले अनन्त जीवनको हकदार हुनलाई के गर्नुपर्छ भनी येशूलाई सोधे, येशूले त्यस मानिसलाई कसरी बाँच्नु कहिल्यै भन्नु भएन। बरु त्यससंग भएको सम्पत्ती बेचेर गरीबहरुलाई बाँड़िदिनु भन्नु भयो। तर त्यो जवान मानिस यसो गर्नलाई अनिच्छुक थिए र जसरी हराएको आएको अवस्थामा थिए, त्यसरी नै फर्केर गए। येशूले जान्नु हुन्थ्यो कि त्यस मानिसलाई बाच्नदेखि त्यसको हृदय र मनलाई लोभले नियंत्रण गरेको छ अनि त्यो नतोड़िञ्जेल सुसमाचार निरर्थक बनीरहेको थियो (मर्कूस 10)।




सुखारको सामरि स्त्रीको किल्ला अभिलाषा यियो। उसले आफनै जीवनको मुद्दालाई टार्दै प्रभुसित समाजिक र एतिहासिक विषयहरुमा मात्र वर्तालाप गर्नलागीन। तर जब येशूले साधरणरूपमा उसलाई भन्नु भयो कि तिमीले पाँच पल्ट बिवाह गरिसकेकी छयौ औ जो अहिले तिमीसित छ त्यो तिम्रो लोग्ने होइन। यो अवस्थामा किल्ला टुक्रा-टुक्रा भयो र उ महिमासित बाँचेकी थिइन (यूहन्ना 4)।

शैतानले प्राय: परमेश्वरको प्रेमको सत्यतालाई प्राप्त गर्न र अन्धकार बनाउन तीतोपनलाई प्रयोग गर्दछ। उदाहरणको निम्ति एउटा सानो ठिटीलाई वासनामय हुने प्रकारले कष्ट दिएका छन् रे-। र अब केहि वर्ष पछि कसैले तिनलाई सुसमाचार सुनाए–तिनको हृदयमा गाँड़िएको तीतोपन कहिल्यै टरेर जाँदैन। परमेश्वरको प्रेमको सुसमाचार तिनले ग्रहण गर्ने योग्यको बन्नु भन्दा पहिले प्रार्थनाद्वारा त्यस किल्लालाई फटाएको हुनैपर्छ।

एकलिंगी यौन आकर्षण भएकाहरुलाई ख्रीष्टमा जीत्नु मुश्किलछ–तिनीहरुलाई परमेश्वरले प्रेम गर्नुहुन्न भनेर होइन वा सुसमाचार त्यत्ती सामर्थ्य नभएर पनि होइन वा वास्तै नराखेको कारणले पनि होइन। तर यो यस्तो शक्तिशाली किल्ला हो जसलाई तोड़न धेरै प्रार्थना, उपवास, दृढ़ता, विश्वास इत्यादिको आवश्यक्ता छ। विजय पाउन अगाड़िनै हामी साधरणरूपले निरुत्साहीत बन्छौं अनि त्यागी दिन्छौं।

एक दिन मैले एक विशेष व्यक्तिको निम्ति प्रार्थना गर्दैथिएँ, मैंले प्रभुलाई सोधें किन त्यस व्यक्तिले सुसमाचारलाई इन्कार गरिरहेछ, मलाई देखाइ दिनुहोस। उहाँले मेरो मनमा ‘‘नियंत्रण’’ शब्द छापिदिनु भयो। त्यसको मतलब के हो सो मैले बुझ्न

सकिन। तर जसै मैले उसलाई राम्ररी चिन्न लागें, मैले पत्तो लगाउन सकें कि उसले पूर्ण अधिकारभित्र उसको प्रभुत्वको क्षेत्रमा परेका सबै कुरालाई नियंत्रण गर्दोरहेछ। अब बुझ्छु कि किन नियंत्रण किल्ला रहेछ जसले तिनलाई ख्रीष्ट देखि टाड़ो राख्दोरहेछ—किनभने बाँच्नलाई उहाँमा सर्म्पित गर्नैपर्छ।

यदपी यस पुस्तको उदेश्यले किल्लाको गहिरो अध्ययनलाई अनुमति नदिएतापनि म तिनीहरुको निम्ति छोटकरीमा बोल्न चाहन्छु जसले ड्रग्स वा मादक पर्दाथ जस्ता मुख्य नशाको समस्या लिएर कसैको निम्ति प्रार्थना गरिरहेका छन्। यी नशाहरुले वास्तविक समस्यालाई ढाकेका मात्र हुन्छन्। वास्तविक समस्या साधरण तौरले अहम्लाई नोक्सान पारेको हुँदछ, जहाँ आत्मा-सम्मान र आत्मा भाव कुनै कारण वश चकना-चूर भएको हुन्छ-यां त वहिष्कार, कष्टद्वारा वा जीवनमा केहि मुख्य निराशा द्वारा। नशाले समस्यालाई केवल ढाक्छ अनि मिलाउँछ। यसैले विजय हासिल गर्न सक्नलाई समस्याको जड़ देखाइ दिऊन भनी तपाईले प्रभुलाई सोध्नु होस्।

जब एड्डी स्मिथ्ले एक विशिष्ट सल्लाह लिनेलाई कसरी मदत गर्ने भनी जान्न आवश्यक परेको थियो, त्यस स्त्रीको अवस्था बारे जन्नलाई के आवश्यक थियो तिनलाई देखाइ दिऊन भनी प्रभुलाई सोधे। त्यस स्त्रीलाई ''देशी पश्चिमी नृत्य'' बारे सोध्नु भनी प्रभुले एड्डीलाई प्रभाव पार्नु भयो। जब तिनले सोधे, उनी तुरन्तै फुटेर रून र कराउन थाले, ''त्यस बारे तिमीलाई कसले बतायो?'' भनी सोद्धै त्यसपछि उसले कथा सुनाउन थालीन कि पन्द्रह वर्षको उमेरमा उसले देशी लोक नृत्यमा एक मित्रलाई अनिच्छासाथ साथ दिएका थिए। त्यहाँ उसको सण्डेस्कूलको शिक्षकलाई तिनले मातेको अवस्थामा यताउती लड़खड़ारहेको देखिन। त्यहीखेर तिनले यसो भन्दै परमेश्वर देखि मुख फर्काए, ''यदि इसाईहरुमा यस्तै नै हो भने, तपाईले लिनसक्नु हुन्छ।'' त्यसपछि तिनले एड्डीलाई भनीन्, ''त्यस समयदेखि मेरो जीवन एउटा जीउँदो नरक भएको छ। म मादक पर्दाथ र अवध्य ड्रग्सको नशामा परेको छु। मैले असंख्य बिवाह गरिसकेकी छु, अनि म पूर्णता दयनीय छु।'' उसको समस्याको जड़ थाहा लागेपछि, एड्डी उसित प्रार्थना गर्नलाई तयार हुनसके अनि परमेश्वरले उसलाई स्वतन्त्र गर्नुभयो (स्मिथ् 71-73)।

मलाई लाग्छ सैयौं किल्लाहरु छन् जसलाई शैतानले अविश्वासलाई पहरा दिन प्रयोग गर्दछ; तर मौलिक सत्यतालाई हामीले बुझ्नै पर्ने यही हो कि हरेक नबाचेका व्यक्तिको जीवनमा एउटा मुख्य किल्ला संधैनै रहेको हुन्छ जसले सुसमाचार ग्रहण गर्न देखि बाधा पुरयाउँछ। युद्ध पापको भिड़माथि कहिल्यै लड़िन्दैन (व्यक्तिमा अनेक पाप भएता पनि) तर एउटै माथि लड़िन्छ!! त्यो विशिष्ट किल्ला हतियार हो जसमाथि वलियो मानिस भर पर्दछ, तर जब त्यसको हतियार (किल्ला) भत्काइन्छ, त्यो पराजित हुन्छ, र त्यो व्यक्ति मुक्तिको निम्ति तयार हुन्छ (लूका 11:21-22)।

आत्माहरु जित्ने आत्मिक युद्ध संग्राम धारामा अर्को पूर्ण आवश्यक तत्व हो ख्रीष्टमा हामीले पाएका अधिकारहरुलाई चलाउनु। उहाँले हामीलाई उहाँको

अविश्वासनीय अधिकार दिनुभएको छ (मत्ती 16:19) तर हामीले यसलाई प्रयोग गर्नै पर्छ। ''जसरी एउटा पहरीले सड्कको कुनाबाट यातायातको बहाऊलाई निर्देश दिनसक्छ कारण तिनीसित भएको अधिकारले..., त्यसरी नै एउटा विश्वासीले शैतानद्वारा अन्धा बनाइएका र बन्धनमा परेका मानिसहरुको आत्माको निम्ति प्रार्थना गर्न सक्नेछ अनि तिनीहरुलाई छुटकारा दिलाउन सक्नेछन्। अंधकारको शक्तिले येशू ख्रीष्टको रगतद्वारा त्यसको शक्ति तोड़िएको थाहा गर्दछ अनि उहाँमा हाम्रो अधिकारलाई जब प्रयोग गर्छौं तिनीहरु हाम्रो विरुद्ध खड़ाहुने छैन्... परमेश्वरले हामीलाई यन्त्रहरु हुनलाई बोलाउनु भएको छ, जसद्वारा उहाँको अधिकारलाई उहाँले प्रयोग गर्नुहुन्छ। हामी यस आसनलाई विश्वास द्वारा ग्रहण गरौं अनि विरोधीको वास्ता नगरी स्थिर बसौं। तब उहाँले हामीद्वारा सबै कुरा गर्नलाई योग्य बन्नुहुनेछ जो हामीले सपनामा पनि कहिल्यै चिताएका छैनौ (इप्प 108-10)।

वैधानिक रुपले सबै आत्माहरु ख्रीष्टका हुन् किनमने उहाँले क्रूसमा तिनीहरुका पापको मोल तिर्नुभएको छ (1 यूहन्ना 2:2)। तर शैतानले अवैधनियम तरिकाले र बलजफ्त गरी तिनीहरुलाई जान नदिने दृढ़तापूर्वक इन्कारगर्दै बन्धुवा बनाइ राख्छन्। त्यसरी आत्मिक अंधकारमा तिनीहरुलाई बाँधि राख्छन्। अनि हामीले न्यायोचीत आसन नलिएसम्म अनि ख्रीष्टले बहाउनु भएको रगतको आधारमा तिनीहरुको छुटकाराको माँग गर्दै र उहाँबाट नियुक्त गरिएको अधिकारलाई हाम्रो सिंहासन-अधिकारहरु प्रयोग नगरेसम्म तिनीहरुलाई त्यसले आत्मिक अंन्धकारमा बाँधि रारव्नेछ।

एउटै पनि आत्मा मर्न र नरकमा जाने पूर्णरुपले कारणनै छैन् किनमने ख्रीष्टले तिनीहरुको छुटकारको मोल तिरिसकनु भएको छ। तरैपनि कुनै व्यक्ति नरकमा जाने एउटै कारण छ त्यो चाँहि हामीले हाम्रो अधिकारको आसन लिएका छैनौं अनि तिनीहरुको मुक्तिमा जोरदिंदै बलियो मानिसलाई बाँधेका छैनौं। जब सम्म हामीले त्यसलाई बाध्य गराउदैनौं शैतानले तिनीहरुलाई मुक्त गर्नेछैन्।

जेलेरल जोनाथान वेन्रिट् सहित अरु युद्धको मित्र कैदिहरु फोर्मोसाको टापूमा कैद गरिएका थिए। यदपी युद्ध विराम भएता पनि जापानी सेनापतीले जान्दा जान्दै पनि कैदिहरुलाई भनेनन् नता तिनीहरुलाई मुक्तनै गरे। तर केहि दिनपछि एउटा हवाई जहाज विजयको समाचार सहित द्विपमा उत्रे। तब जेनेरल वेन्रिट्ले जापानी सेनापतीलाई घोषणा गरे, ''मेरा प्रधान-सेनापतिले तपाईको प्रधान सेनापतिलाई पराजित गरेको छ, अब म अधिकारमा छु।'' हामीले पनि बलियो मानिसलाई (एउटा व्यक्तिको जीवनमा प्रधान भूतलाई) यसरीनै घोषणा गर्नुपर्छ; ''मेरा प्रधान सेनापतीले तेरो प्रधान-सेनापतीलाई पराजित गरेको छ। म अवैधानियम बन्धुवा पारेकाहरुको तुरन्त छुटकाराको दावी गर्छु।'' यदि हामीले जोड़ दिन्छौं भने मुक्ति र बचाउको काम हुनेछ !!!

आत्माहरुको निम्ति प्रार्थनामा अन्तिम तर अविश्वासपूर्वक महत्वपूर्ण तत्व हो लगातार शैतानको विरोध गर्नु। परमेश्वरको हतियार पहिरनु हामीलाई आज्ञा दिएका छन् (एफिसी 6:10-18), यसरी हामी ''शैतानको युक्तिहरुको विरुद्धमा खड़ा

हुनसक्छौं... र दुष्टको दिनमा विरोध गर्न  योग्यको बन्न सकछौं।'' जब आत्माहरुको मुक्तिबारे हामी वास्तवमा गंभीर बन्छौं, शैतानले हाम्रो जीवनमा वा जसको निम्ति प्रार्थना गरिरहेका हुन्छौं त्यसबाट हामीलाई पछि हटाउने र त्याग गराउने प्रयासमा कठिन परिस्थितीहरुलाई प्रयोग गर्छन्। यसैले त–एकजना लोग्ने मानिस वा जवानको निम्ति एउटा स्वास्नी वा आमाले प्रार्थना गर्दा असलको सट्टा खराब हुन गएको प्रायः पाउँछौं–किनभने त्यसले ती आत्माहरु माथि त्यसको पकड़लाई गुमाइरहेका हुन्छन्।

यसैले शैतानको विरोध गर भन्नुको अर्थ हो कि तपाईको निरन्तर प्रार्थनाको प्रयासलाई नकार्मात्मक प्रतिक्रिया, परिस्थिती इत्यादिले बन्द नगर्दीनलाई हो। जबकि कुनै थोक (जस्तैः एस्बेस्टोस्) अग्निवाधाक् हुन्छ, अर्थात त्यो आगोदेखि अप्रभावित हुन्छ। कुनै थोक जसले पानीलाई रोक्ने हुन्छ, त्यसको मतलब त्यो पानीद्वारा अप्रभावित छन्। शैतान वाधक हुनुको अर्थ हो त्यसले जेपनि गर्छ त्यसले तपाईलाई कुनै प्रभाव नै गर्दैन, तपाईले केवल तपाईका हराएका प्रियहरुको मुक्तिको निम्ति प्रार्थना गर्दै जानुहोस्।

आत्माको निम्ति शैतानको विरोध गरिएको बड़ो उदेकको प्रदर्शन चार्ल्स ब्लानचार्ड्ले सुनेका यी साक्षीले वताउँछ जो तिर्चालिस वर्ष सम्म वेटन् कलेज को अध्यक्ष हुनुहुन्थ्यो। तिनले यसलाई सत्य ठहराउन भनी जाँच गरे र तिनको पुस्तक 'गेटिङ्ग थिंग्स फ्रम गड्'  मा अंकित गरे। जो तल उदधृत गरिएको छः

*मित्रहरु प्रायः अढ़ाई वा तीन वर्ष अघि म फिलाडेल्फीयाको अस्पतालमा थिएँ। पेनसिल्भानिया लाइन्समा एक इन्जिनियर थिएँ। मेरो निम्ति प्रार्थना गरिदिने स्वास्नी भएता पनि मेरो जीवन एउटा पापपूर्ण मानिसको थियो। त्यही समयमा म साह्रै विरामी भएँ, म खस्रेर गएँ। मेरो शरिरको ओजन एक सय पाउण्ड (लगभग पचास किलो) मात्र थियो।*

*अन्तमा मलाई हेर्ने डाक्टरले मेरी स्वास्नीलाई भने कि म मरिसकेको छु; तर तिनले भनिन्ः ''हुनसक्तैन, उ मरेको छैन्। उ मर्न सक्तैन। मैले उसको निम्ति सत्ताइस वर्ष  सम्म प्रार्थना गरेकी छु अनि तिनी बचाइनेछ तपाईलाई लाग्छ कि मैले सत्ताइस वर्ष प्रार्थना गरि सकेपछि अब परमेश्वरले उसलाई मर्नु दिनुहुन्छ (परमेश्वरले प्रतिज्ञा गर्नुमएको छ।)  ''ठिक छ,'' डाक्टरले उत्तर दिए, अनि तिनी बाँचेका छैनन् मकेहि जाँन्दिन तर यत्ति जान्दछु कि उ मरिसकेको छ।'' अनि पलंगको वरिपरिका पर्दा खिची दिंदछ जसले अस्पतालमा मरेका र जीउँदालाई विचमा छुटयाउदँछ।*

*मेरी स्वास्नीलाई सन्तुष्ट गराउन भनी अरु चिकित्सकहरुलाई पनि बोलाइ पठाए। एक पछि अर्को गर्दै सात चिकित्सकहरु मेरो पलङ्ग नजीक आउँदै जाँच गर्दै सबैले एउटै कुरा पक्का गरे। सातैजना डाक्टरहरुले मलाई मृतक घोषित गरे। त्यसै बखत मेरी स्वास्नी मेरो पलङ्ग छेउमा घोड़ा टेकेर बसीन्। म मरेको छुइन भनी जिद्दी गरिरहे, यदि म मरेको भएपनि परमेश्वरले मलाई फिर्काइ त्याउने छ, किनभने उहाँले तिनलाई प्रतिज्ञा दिनुभएको छ; कि म बचाइने छु र पनि म बाँचेको थिइन। अस्पतालको कड़ा*

*भूईंमा घुड़ा टेकेको कारणले विस्तारै तिनलाई घुड़ाले कष्ट दिनलागे। तिनले नर्सलाई एउटा सिरानी (तकिया) ल्याइदिने अनुरोध गरिन र नर्शले सिरानी ल्याइदिए र त्यसमाथि तिनले घुड़ा टेके।*

*एक घण्टा, दुइ घण्टा, तीन घण्टा वितेर गयो। पर्दा पलङ्गको वरिपरि टाँगिएकै थियो। म त्यहाँ अचल परिरहेको थिएँ; प्रत्यक्षरुपले मृतक। चार घण्टा, पाँच घण्टा, छ धण्टा, सात घण्टा तेह्र घण्टा वितेर गयो, मेरी स्वास्नी यतिका समयभरि मेरो पलङ्गको छेउमा घोड़ा टेकिरहेकी नै थिइन्, जब अरु मानिसहरुले आपत्ति जनाउन लागे अनि त्यहाँ बाट जाने इच्छा प्रकट गरे, तिनले भनिन्: ''होइन, उ बाँच्न परेको छ। यदि उ मरेको भएता पनि परमेश्वरले उसलाई फर्काइ ल्याउनु हुन्छ। उ मरेको छैन्। उ नबाँचुञ्जेल्ल सम्म मर्न सकदैन।''*

*तेह्र घण्टाको अन्तिम क्षणमा मैले मेरो आँखा खोलें, तिनले भनि्न, ''मेरी प्रिये, तिमी के इच्छा गर्छौ?'' मैले भने ''म घरमा जाने इच्छा गर्छु,'' अनि तिनले भनिन्: ''तिमी घर जानेछौ।'' तर जब तिनले प्रस्ताव गरे, डाक्टरहरु डरले तिनीहरुका हात माथि उठाए। तिनीहरुले भने, किन, यसले उसलाई मार्नेछ। यो आत्माहत्या हुनेछ।'' तिनले भनिन: ''तपाईहरुले आफ्नो मौका लिइसकनु भयो। तपाईहरुले भन्नु भयो उ मरिसकेको छ। म उसलाई घर लैजाँदैछु।''*

*अहिले मेरो ओजन 246 पाउण्ड (लगभग 115 किलो) पुगेकोछ। म अझै पनि पेनसिल्भानिया लाइन्समा रेलगाड़ी तेजसित हांकदछु। म मिन्नियापलिसमा छोटो छुट्टिमा गएको बेला येशूले के गर्न सकनुहुन्छ भनी मानिसहरुलाई बताएँ। येशूले के गर्नसकनु हुन्छ भनी तपाईहरुलाई बताएँ। येशूले के गर्नसक्नु हुन्छ भनी तपाईहरुलाई बताउँन पाउँदा म अत्ति आनन्दित छु। (ब्लान-चार्ड़ 94-95)*

आत्माहरुको उद्धारको निम्ति कुनै-कुनै प्रार्थनाको उत्तर किन पाउँदैनौं त्यसको केवल दुइ कारणहरु छन्: कि त त्यहाँ पाप छ वा प्रार्थना गर्नेसित अविश्वास छ, वा होइन भने शैतानले उत्तरहरुमा बाधा दिँदैछ। यसैले यदि तपाईले आफ्नो जीवनलाई शुद्ध राख्नु हुन्छ (यूहन्ना 15:7) र प्रार्थनामा लागि रहनु हुन्छ भने प्रार्थनाको उत्तर पाउनु हुनेछ, किनभने शैतानले साहसी, उत्कट यूद्ध संग्राम प्रार्थनाको विरुद्ध थामी रारव्न सकदैन!!

यूद्धमा योजना बनाउन आवश्यक छ। सिपाहीहरुले जतातत्तै र जेसुकैलाई गोली बर्साउन जाँदैन। त्यस्तै प्रकारले आत्माहरुको निम्ति युद्ध संग्राम प्रार्थनामा वास्तविक छन् – हामीलाई युद्ध कलाको आवश्यक्ता छ। यस्ता अनेक जो असाध्य प्रभावशाली छन् म तपाईलाई दिऊँ।

सारा मण्डलीको निम्ति अन्तिम रणकौशल चाँहि आफैलाई प्रार्थनामा निरन्तर लगाउनु हो। पहिलेका मण्डलीले यसै गरे: ''सबै एकै मनका भएर प्रार्थनामा लागिरहन्थे'' (प्रेरित 1:18) उदेकको प्रत्युत्तरमा-''त्यसै दिन प्राय: तीन हजार प्राणीहरु

तिनीहरुमा थपिए'' (प्रेरित 2:41) अनि ''वचन सुन्नेहरु मध्ये धेरैले नै विश्वास गरे; र मानिसहरुको संख्या प्राय: पांच हजार  जति हुन आयो'' (प्ररित 4:4)।

एउटा अर्को प्रार्थना सभामा ''तिनीहरु भेला भएको ठाउँमा कम्प भयो, र तिनीहरु सबैजना पवित्र आत्माले भरिए, र तिनीहरुले निर्भयतासँग परमेश्वरको वचन बोले'' (प्रेरित 4:31) धेरै आत्माहरुको लगातार कटनीको साथसाथै: ''लोग्ने मानिस र स्वास्नी मानिसहरु दुवैको भीड़'' (प्रेरित 5:14), ''चेलाहरुको संख्या यरुशलेममा अत्यन्तै बढ़यो'' (प्रेरित 6:7), अनि ''लिड्डा र शारोनमा बस्ने जति सबै जना प्रभुतिर फर्के'' (प्रेतिर 9:35)। अरु धेरै वर्णन गरिएका यस्ता विवेचनाहरु प्रेरितको पुस्तकमा पाइन्छ। यदि आजका मण्डलीले अघिका मण्डलीको प्रार्थनाको उदाहरणलाई अनुसरण गऱ्यौं भने, त्यही किसिमले प्रचार गरे परिणामको अनुभव हुनेथ्यो होला।

अर्को अत्ति उत्पादनशील रणकौशल हो प्रार्थनाको झूण्डहरु  तयार पार्नु। अधिकतम् मण्डलीहरुमा स्थापित गरिएका सण्डेस्कूल वा घरेलू प्रार्थना झूण्ड हुनसक्छ जोहरु नियमित ढंगमा भेटिनै रहेकाछन् जबसम्म हराएकाहरुलाई ख्रीष्टमा आएका देख्दैनन् तिनीहरुले हराएका व्यक्तिहरुको संयुक्त सूचीको निम्ति दृढ़तापूर्वक र खुरन्धार प्रार्थना गर्नसक्छन्।

अग्र-प्रचारवाद प्रार्थनाको साधारण प्रणाली भएता पनि एल्भिन् क्रिष्टेन्सनले तेब्बर प्रार्थना  लाई एक अत्ति प्रभावशाली छन् भनी सिफारिस गर्दछ। नौं जना हराएका आत्माहरुको निम्ति प्रत्येक हप्ता प्रार्थना गर्न आफैलाई अनुशासनमा राख्न इच्छा गर्ने तीन जना इसाईहरुलाई यसमा शामिल गर्दछ। इंगल्याण्डको दुइवटा बिल्ली ग्राहाम क्रूसेडमा यस किसिमको प्रार्थनाको असाध्यै फलवन्त परिणामलाई तिनले वर्णन गर्छिन्: 1984 को मिसन इंगल्याण्ड क्रूसेड सम्म तेब्बरहरुले महान परिणामहरु ल्याएका अनुभव बिल्ली ग्राहामले गर्नुभएको छ: जहाँ 90,000 इससाईहरुले पूर्व-धर्मयुद्ध प्रार्थनाको  निम्ति तीन-तीन जनाको झूण्डहरु बनाएका थिए। प्रत्येक तीनजना। इसाईले तीन-तीन जना अइसाईहरुलाई चुने, अनि आउने बर्षको सुसमाचारीय युद्धको निम्ति प्रत्येक हप्ता एक पटक भेट गरेर ती नौ व्यक्तिहरुले येशुलाई भेटगरुन भनी तिनीहरुको निम्ति नाम काड़ेर प्रार्थना गर्थे। जनवरी 1989 को डिसिसन् पत्रीका बिल्ली ग्राहामको 1989 मिसन इंग्ल्याण्ड-2 को निम्ति तेब्बर प्रार्थना झूण्डलाई प्रोत्साहित गराएका खबर दिँदै भनेका थिए कि धेरै प्रार्थनाका तेब्बरहरुले जसको निम्ति प्रार्थना गरिरहेका थिए ती सबै नौ व्यक्तिहरुले बिलली ग्राहाम त्यहाँ आउन भन्दा   अगाड़ीनै येशूलाई ग्रहण गरिसकेका देखे! 7,000 भन्दा ज्यादा मण्डीहरुले तेब्बर प्रार्थना झूण्डबाट बिल्ली ग्राहामको मिसन इंगल्याण्ड '89 को निम्ति प्रार्थना गरे जसको परिणामहरु धरती-टुक्राउने थियो। सारा राष्ट्रहरुमा आत्माहरुको निम्ति शैतानसित भिड़्ने कस्तो प्रबल उपाय''(क्रिष्टेन्सन् 110)!

आत्माहरु बचाइनुको निम्ति प्रार्थनामा अर्को एउटा उत्पादनशील रणकौशल प्रार्थना संगी हो। ठूलो झूण्डमा भेला हुनभन्दा दुइजनालाई धेरै सजिलो हुन्छ। पती-पत्नीको दल

असल हुन्छ किनमने तिनीहरु प्रत्येक दिन प्रायः संगमा हुन्छन्, साथै तिनीहरुको बोझ आफन्तहरु, मित्रहरु, छिमेकीहरुको निम्ति समान हुन्छ तर प्रार्थना संगीहरुको जुनै जोड़ा भएपनि हुन्छ। येशूले नै आश्वासन दिनु हुन्छ कि तिनीहरुको प्रार्थनाको उत्तर दिइनेछ (मत्ती 18:19)।

म अन्तिम रणकौशल उल्लेख गर्दछु जसले व्यक्तिगत् प्रार्थना गर्नेहरुको निम्ति राम्रो काम गर्दछ–प्रार्थनाको सूची!! यस विधिद्वारा धेरै आत्माहरु ख्रीष्टमा आएको देखेर मैले पनि अरु हजारौंहरुझैं धेरै वर्षदेखि प्रार्थना सूची चलाइरहेको छु। एउटा कथाको साथमा म तपाईबाट विदा लिन्छु जसबाट मलाई आशिष मिलेको छ, तपाईको निम्ति त्यही आशा गर्छु:

*केहि वर्ष अगाड़ि स्प्रिङ्ग फिल्डमा एक उत्सुक मानिसले प्रार्थनाको झूण्डलाई तिनीकहाँ भेला गराएछन अनि तिनीहरुलाई यस्तो सल्लाह दिएछन्: जब आज बेलुकी तपाई घर पुग्नुहुन्छ स्प्रिङ्गफिल्डमा तपाईले जसलाई बाँचेको चाहनु हुन्छ ती सबै व्यक्तिहरुको नाम लेख्नुहोस, अनि तिनीहरु बाँचुन भनी दिनमा तीन पल्ट तिनीहरुका निम्ति नाम काड़ेर प्रार्थना गर्नुहोस्। त्यसपछि उद्धारको निम्ति परमेश्वरमा फर्काउन ती व्यक्तिहरुलाई प्रेरित गराउनलाई तपाईले सम्भव प्रयास गर्नुहोस्।*

*ती समयमा एउटी अर्धाङ्गी स्त्री स्प्रिङ्गफिल्डमा बस्दथिइन जो शरिरमा पूर्णरुपले असहाय थिइन। सत्रह वर्षदेखि तिनी पलङमानै परेकी थिइन। तिनले सामान्य तरिकाले हजारौं आत्माहरु बचाउनलाई परमेश्वरसित धेरै समयदेखि प्रार्थना गरिरहेकी थिइन्। जब तिनको परिवारले प्रार्थना झूण्डलाई दिएको सल्लाह बारे तिनलाई सुनाए, तब तिनले भनिन्: 'यसमा म केहि गर्नसक्छु।' तिनले आफनो दाहिने हात चलाउन सक्थीन। तिनको पलङ्गको छेउमा एउटा समायोज्य (adjustable) लेख्ने टेबल थियो। तिनले कलम र पन्ना मांगे। तिनले सन्ताउन्न सम्बन्धीत व्यक्तिहरुका नाम लेखिन। तिनले तिनीहरुका नाम काड़ी–काड़ी दिनमा तीन पल्ट प्रार्थना गरिन्। तिनले तिनीहरु प्रतिको जिज्ञासा पत्र मार्फत तिनीहरुलाई जाहेर गारिन्। तिनले इसाई मित्रहरुलाई पनि पत्र लेखि पठाए, ज–जसमाथि तिनको भरोसा थियो। अनि ती व्यक्तिहरुसित भेट गरेर आत्माको भलाई बारे कुरा गर्न र पश्चताप र विश्वास गर्न जतिसक्दो उस्काउने अनुरोध तिनीहरुलाई गारिन्। तिनको परमेश्वरमा अकाट्य विश्वास थियो। तिनको उहाँमाथी नम्र उत्सुक भरोसा भएकोले तिनले यसरी नबाँचेकाहरुको निम्ति मध्यस्थ प्रार्थना गर्थिन। समयमा सन्ताउन्न व्यक्तिहरुमा प्रत्येकले येशू ख्रीष्टलाई तिनीहरुका उद्धारकर्ता भनी विश्वासको घोषणा गरे'' (मेक्क्ल्यूर 128–25)।*



अध्याय 6

# व्यक्तिगत् साक्षी

यस विषय सम्बन्धी मइ 2002 मा मैले क्रेष्टभिउ ब्यापिटस्ट चर्च, फार्मर भिल्ला लुइसियानामा सिकाएँ। एउटा पत्रमा मलाई पास्टर, भाइ वेने वाहिट्साइड्ले यसो भनेर लेखेका थिए, ''मानिसहरुको जीवनमा किल्लाहरु पूर्ण विकसित भएको हामीले देखेका छौ...जो वस्तु विषयहरु प्रार्थनामा तपाईले बांटनु भएको थियो, त्यसले हराएकाहरुको निम्ति परमेश्वरको सिद्धान्तहरुलाई अभ्यास गर्नेहरुको जीवनमा एउटा जागृती शुरु भएको छ।''

वेनेसित मृत्यु–पंक्तिमा परेका मानिसहरुको निम्ति परमेश्वरले दिनुभएको बोझ छ अनि तिनीहरुलाई ख्रीष्टमा जित्ने प्रयासमा धेरै समय कारागारमा बिताउँछन्। तिनले कथालाई अघि बड़ाउँछन्: 'हिन्टस्भिल्ला, टेक्सासमा मृत्यु–पंक्तिमा परेको, हालैमा तिनको मृत्यु दण्ड घोषणा भएको एक व्यक्तिको ठूलो विजय सम्बन्धित छ। उ एउटा सर्म्पित मुसलमान थिए; मैले जानेको अनुसार अधिकतम् इससाईहरु भन्दा नैतिक दृष्टिमा असल थिए। मैले उसित दुइ वर्ष देखि काम गरिरहेको थिएँ, उसलाई सुसमाचार सुनाउने गर्थे अनि मेरो मण्डलीले उसको निम्ति प्रार्थना गरिरहेका थिए–सबै व्यर्थमा। उसले आफ्नो पत्रको अन्तमा 'अल्लाह तपाईसंग रहुन' भनी लेखेर मलाई पठाउँथे 'मलाई यो भन्दा बड़ी निराशा र असहाय कहिल्यै भएको थिएन।

त्यसपछि उसको फांसीको दुइ महिना पहिले सेप्टेम्बर 2002 मा मैले हाम्रा मण्डलीलाई झूटो धर्मको बलियो मान्छेलाई विशेष गरेरे बाँध्न र उसमाथि ख्रीष्टको रगतको प्रार्थना गर्नलाई उत्साहित गराएँ। तुरन्तै उसमा बदलाव आउन थाले। उसले येशू एक असल गुरु हुनुहुन्छ भनि स्विकार्न लागे अनि उसको पत्रहरुमा अब 'परमेश्वर तपाईसित होऊन' लेखेर अन्त गर्थे।

उसको फाँसीको दिनमा मलाई उपस्थित हुन उसले बोलाइ पठाए। मैले उसलाई अन्तिम पटक भेटन भनी हन्टस् भेल्ली तर्फ लागें। मेरो हृदय कतिको रोमाञ्चित भयो होला जब उसले मलाई सोधे, ''मैले उद्धारको निम्ति ख्रीष्टलाई विश्वास गर्न के गर्नुपर्छ?' साँझको 3:05 बजे उसलाई बचाइदिऊन भनी प्रभु येशूलाई विन्ती टक्राएँ। एकावन्न घण्टा बाह्र मिनट पछि उ मरेको थियो। फाँसीको ठिक दुइ घण्टा अघि उसले आंखा झिम्काएर मलाई भने, 'म तिमीलाई माया गर्छु र तिमीलाई म स्वर्गमा पर्खिरहेको हुनेछु।' संसारमा उसले बोलेको अन्तिम शब्दहरु यही थियो: 'परमेश्वरले क्षमा गर्नुहुन्छ। उहाँ महान हुनुहुच्छ!' उसको मुहारमा शान्ती लिएर उनी मरे अनि जेलको शासकले पनि त्यसको टिप्पणी गरेथे।

जबसम्मन् हामीले उसको जीवनमा भएको झूटो धर्मको बलियो मान्छेसित बलपूर्वक भिड़ेनौं अनि ख्रीष्टको रगत द्वारा त्यसलाई बाँधेनौं, यस मानिसलाई ख्रीष्टमा जित्ने हाम्रो प्रयासमा गरेको प्रत्येक कुरा पूर्णतौरले व्यर्थै थियो। त्यसपछि उसलाई सुसमाचार प्रति खुलस्त हुनमा लगतै तोड़िएको देख्यौं, त्यती मात्र होइन उसले आफैलाई कसरी बचाउन सकिन्छ भनी मलाई सोधेका थिए। उ आज स्वर्गमा छ, किनभने हराएकाहरुको निम्ति कसरी प्रार्थना गर्ने भनी हामीले सिक्यौं–मर्कूस 3:26 मा येशूले भनेझैं विशेषरुपले बलियो मानिसलाई बाँध्ने क्षेत्रमा। स्वतन्त्र गराउने सत्यता बारे हाम्रो मण्डलीसित बोलीदिन भएको निम्ति तपाईलाई धन्यवाद। अन्तिम दिनका कटनीमा परमेश्वरले तपाईलाई घेरै सफलता प्रदान गरुन्!''

जब हामीले कसैको उद्धारको निम्ति प्रार्थना गर्न आरम्भ गर्छौं, परमेश्वरले त्यस व्यक्तिको परिपरि घेरा लाउनु भएको देखापर्छ अनि त्यससित घेरा भित्रै रहनुहुन्छ। यस्तैगरि रिकी ग्रेशामसित भएको हो, जब तिनको स्वास्नी हेलेन र तिनकै पास्टर मिकी हड्नालले तिनको निम्ति प्रार्थना गर्न आरम्भ गरे। यहाँ रिकीको पक्षको कथा छः यो 1990 को फरवरी 2 मार्च महिना तिरको कुरा हो–जुन समयमा मैले अत्ति दैनिय दिन र रातहरु व्यत्तित गरें। ती दिनहरुमा मैले बुझ्न नसकेता पनि, म परमेश्वरको पवित्र आत्माको दृढ़विश्वास मुनि थिएँ। मलाई थाहा थिएन के भइरहेछ, तर मलाई याद छ कि ती ढुई महिना भरी म जता–जता फर्कन्थे मैले केहि–न–केहि देख्दथें वा सुन्थें, जसले मलाई परमेश्वर तर्फ सम्बन्ध बनाइराख्द थियो। जब म प्रत्येक बिहान बिऊँझन्थें मलाई यस्तो लाग्दथियो कि परमेश्वर हुनुहुन्छ। धेरै वर्ष अघिदेखि चिन्दै आएका मानिसहरुले अब मलाई प्रभुको बारेमा बताउन लागे। मैले आफैलाई कहीं पनि लुकाउन सक्तिन जस्तै लाग्दथियो!

मलाई राम्रोगरि थाहा छ कि एकदिन म र मेरो असल मित्रसित गाड़ीमा घुम्न निस्केका थियौं, त्यस समय मित्रको अर्को साथीले बाटोमा हामीलाई रोके। त्यो व्यक्ति ट्रकको मतर्फ भएको ढोकातर्फ आए र मित्रसित कुरा गर्नलागे। बातचितको शिलशिलामा उसले मेरो मित्रलाई प्रभुको बारेमा सुनाउन थाले अनि प्रभुलाई तिनको मुक्तिदाता भनी ग्रहण गर्न तिनलाई प्रोत्ससाहित गरे। फेरि एकपल्ट मैले परमेश्वरको अर्को वचन सुन्न पाएँ। मैले आफैलाई लुकाउन नसकेको जस्तो लाग्दथ्यो। म ट्रकभित्र एक शब्द नबोली बसिरहें। एक प्रकारले मलाई अझै सुनी रहने इच्छा थियो अनि अर्को तर्फ मेरो मित्रले गाड़ी चालुगरेरे हिड़ेको चाहन्थे। अन्तमा, एक घण्टा के भए जस्तो लाग्यो (पांच मिनट) तिनले गाड़ी हाँके।

जसै दिन बित्दै गयो, चारै तिर परमेश्वर देखा पर्न थाले, प्रत्येक दिनका कामहरुमा पनि। ती दिनहरुमा मैले आफ्नै कलपूर्जाको पसल चलाउने गर्थे। त्यस पसलमा एक जना काले सज्जन मानिस आउने गर्थे र समय समयमा मसित कुराकनी पनि गर्थे। म विश्वास तर्फ ढल्किरहेको समयहरुमा उनी पसलको छेउमा आएका थिए।

मेरो आफ्नै घमण्डमा मैले चिनेको प्रभुको बारेमा कसैलाई सोधेको थिइन्। आखिरमा, तिनलाई प्रभुको बारेमा सोध्ने सहास बटुलेर म उठें। मैले तिनको प्रत्युत्तरको आशा राखेको थिइन–तिनले प्रत्युत्तर दिए!

तिनले भने, 'एकै क्षण्,' र तिनले ट्रकबाट एउटा बाइबल लिएर आए जो देख्नमा एकसय वर्ष पुरानो बाइबल जस्तै देखिन्थ्यो। तिनले बाइबलका पन्नाहरु पल्टाउन थाले, र मलाई सुनाउन लागे। तिनले के बताइरहेको छ मैले बुझेकै थिइन तर आज मसित त्यो एउटा कुरा छ जो मैले कहिल्यै बिर्सेको छुइन : ''तिमीले नयाँ जन्म पाउँनै पर्छ!'' तिनले यस शब्दलाई बारम्बार दोहोराइरहे – जो मेरो मनबाट कहिले मेटिएन!

ती समयहरुमा मलाई कुनै कुरोले परमेश्वरको वचन तर्फ खिंची रहेकोथयो। बाइबलको निम्ति कसैलाई पनि सोधदीन थें, म साह्रै घमण्डी थिएँ, यसैले मैले ख्रीष्टलाई एन्साइक्लोपेड़ियामा खोजें, अनि त्यसमा ख्रीष्टलाई क्रूसमा झुण्डाइएको चित्र भटाएँ। कुनै कुरोले मलाई प्रभुको नक्सा तर्फ आकर्षित गराइराखेको जस्तो लाग्यो। रातौं–रात त्यस नक्सालाई हेर्दै म चारै तिर भाग्दै हिड़्थें।

अरु केहि हप्तापछि मैले आफैलाई बदलाउने प्रायस गर्नलागें। मेरो जीवनको एउटा मोडमा म आइपुगीसकेको थिएँ कि मैले आफैलाई धिक्कार्न बन्द गर्नसकिन –प्रत्येक शब्दले मलाई धिक्कार्दैथियो। मैले त्यसलाई कुनै हालतमा पनि रोक्न चाहन्थें तर मलाई यस्तो लाग्दथियो कि यसलाई म नियंत्रण गर्नै सक्दिन–त्यसले पो मलाई नियंत्रण गरिराखेको थियो।

अन्तमा, एक दिन काम गरिरहेको बेला, जब म एकलै थिएँ, परमेश्वरसित त्यसै म बोले, 'प्रभु यसलाई म अब उसो आफूसित लिन सकिदन, परमेश्वर मलाई सहायता गर्नुहोस्। येशूले क्रूसमा मेरो निम्ति के गर्नुभयो त्यो सब बुझ्दिन, तर मलाई देखाइदिनुहोस र म तपाईलाई पछयाउनेछु।' अनि त्यस दिनदेखि, ममा केहि कुराको बदलाव आयो। मैले धिर्कान मात्र त्यागिन तर मेरा इच्छाहरु समेत गुमाएँ–जो मेरो जीवनमा पहिले कहिल्यै नभए झैं।

मलाई थाहा थिएन कि ती विश्वासको दुइ महिना चाँहि मेरो उद्धारकोनिम्ति मेरा स्वास्नी र तिनका पास्टरले प्रत्येक दिन प्रार्थनागर्न आफैहरुलाई सुम्पेका थिएछन्, मैले जेपनि अनुभव गरिरहेको थिएँ ती प्रार्थनाहरुकै उत्तर थिएछन्। अब म बुझ्दछु कि म विश्वासपूर्ण प्रार्थनाको फल हूँ; अनि यदि तपाई त्यस समयमा भएको भए तपाईले बुझ्हुने थियो मेरो मतलब के हो! अब अहिले म एउटा मण्डलीको पास्टर हूँ, अनि मैले लगातार परमेश्वरको अनुग्रहको धेरै धेरै अनुभव गरिरहेको छु।''

जब हामीले कसैलाई बचाउन भनी परमेश्वरसित प्रार्थना गर्छौं, उहाँले त्यस व्यक्तिलाईं आफूतर्फ खिँच्नलाई जे पनि गर्नुहुन्छ त्यसमा हामी राजी हुनैपर्छ। वेस्ले ड्यूवेलले भन्नु हुन्छ, ''धेरै प्रार्थनाको उत्तरहरु पाउनलाई परमेश्वरको योजनामा सर्म्पित हुने निश्चित मानिसहरुको इच्छाहरुको जरूरत हुन्छ।

चेस् वोर्डमा झैं परमेश्वरले मानिसहरुलाई चारैतिर यताउती सार्नु हुन्न। उहाँले मानिसहरुमाथि ल्याउनुहुने धेरै प्रभाव र दबावहरु द्वारा विश्वास दिलाउनु हुन्छ'' (ड्यूवेल 262)। जे भएता पनि दबाव एकदमै तीव्र हुनसकछ! यस्तै घटना टोनी फन्टेनोट्सित भएको थियो : ''मेरी आमा, बज्यै, काका र काकी लगायत धेरै प्रार्थनाका वीरहरु भएका एउटा इसाई परिवारमा म जन्मेको थिए। तिनीहरुले मेरो निम्ति धेरै वर्षदेखि प्रार्थना गर्दै आइरहेता पनि, मैले सबै कुरा 'मेरै तरिकाले' गर्दैनै रहें। तर जब परमेश्वरले हामीसित व्यवहार गर्ने प्रयास गर्नुहुन्छ अनि हामी चाँहि आफनै तरिकामा हिंड्छौं, उहाँले हामीमा यस्ता कुराहरु घटन दिनुहुन्छ जसले असाध्यै चोट पुऱ्याउन सक्छ। अनि म तपाईलाई विश्वास दिलाउन सक्छु कि उहाँले हाम्रो ध्यान राख्नु हुनेछ!!

परमेश्वरले 22 मइ 1982 मा मेरो ध्यान राख्नुभयो। मैले एउटा भटमासको खेतमा रसायन छरेर सिधाएपछि हाम्रो हवाइ अड्डा तर्फ फर्कि जाँदै थियौं अचानक मेरो जहाज एउटा एकान्त ठाउँमा रुखहरुको विचमा दुर्घटना ग्रस्त भयो अनि पड्केर जल्यो, म उठें र देखें कि मेरो कमिज पूर्णरूपले जलेको रहेछ अनि मेरो शरिरका छालाहरु झूण्डीएर औंला सम्म आएको रहेछ, माकुराको जाल जस्तै। मेरो दाहिने आँखा अन्धा भएको थियो अनि मेरो शरीरबाट तरल पर्दाथ निस्किरहेको थियो–मलाई थाहा लाग्यो म बाँधिएको छु।

सहायताको लागि म कराउन लागें तर त्यहाँ मेरो सुन्ने कोहि थिएन। म कमजोड़ नभइञ्जेल सम्म दगुर्दै गएँ। म एउटा रुखको मुनि अड्सिएर बसें र त्यहींनै हो जब मैले प्रार्थना गर्न शुरु गरें। मलाई कुनै व्यक्तिले भेटाउन सकून र मलाई मर्न नदिनु होस् भनी परमेश्वरसित प्रार्थना गरें। अचानक केहि हुनलागे, मलाई यस्तो लाग्यो कि कोहि तल आएर मलाई अठाए र मेरो शरीरमा ताकत भरिन लाग्यो। एउटा नयाँ ताकतले म फेरि दौड़ीन लागें, अन्तमा एउटा सानो ट्रक देखापऱ्यो। म त्यो सानो ट्रकको नजीक पुगेर गोहार माँगे। एकजना काम गरिरहेको मानिसले माथि फर्केर हेऱ्यो र मेरो अवस्था देखेर मलाई अस्पतालतिर लगे। त्यसपछि मलाई टेकसासको गालभेस्टन्मा जोन सिली बर्ण सेन्टरमा सरुवा गरे, जहाँ मैले दुइ महिना प्रगाढ़ ध्यानमा राखिने एकाई (Intensive care unit) मा बिताएँ।

यो चोट पुरयाउने अग्नि परिक्षा द्वारा अन्तमा परमेश्वरले मलाई ध्यानमा राख्नुभयो। सन् 1982 को नोवेम्बर महिनामा भाइ ली थोमस्ले इण्डियन भिलेज ब्याप्टिस् चर्चमा एउटा जागृती सभामा प्रचार गर्नुभएको थियो। यो समयमा तिनले मसित सुसमाचार बाँड्नु भएको थियो अनि ख्रीष्ट मलाई बचाउने हुनुहुन्छ भनी मैले विश्वास गरें। उहाँले मलाई भन्नु भयो, 'टोनी, यस हवाइ जहाज दुर्घटनाले तिम्रो जीवनमा एउटा महान कुरा हुनगएको छ किनभने तिमीले यस घटनाद्वारा प्रभुलाई पाएका छौ।' म विश्वास गर्छु!!''

ओस्वल चेम्वरले भन्नु हुन्छ, ''जब हामी अरुहरुको निम्ति प्रार्थना गर्छौं परमेश्वरको आत्माले तिनीहरुको अचेतन क्षेत्रमा काम गर्दछ जसको बारेमा हामीलाई थाहानै हुँदैन, अनि जस्को निम्ति प्रार्थना भइरहेछ उसलाई पनि केहि थाहा हुँदैन, तर समय बित्दै गएपछि जसको निम्ति प्रार्थना भइरहेछ उसको सचेतन जीवनमा अशान्ती र खुल्दुलीको चिन्हरु देखापर्न थाल्दछ... शैतानको राज्यलाई घातक नोक्शान पुरयाउने यस्तै किसिमको मध्यस्थता हो। यो शुरु–शुरुमा दुब्लो र कमजोर हुन्छ, यदि कारण पवित्र आत्माको ज्यातीसित मिलेको छैन भने, हामी कहिल्यै आज्ञाकारि हुँदैनौं'' (चेम्बर 102–03)। जेकब विलियम्सित यही अवस्था थियो। तिनी धेरै समयदेखि दोष शिद्धिमा भएता पनि तब मात्र मुक्ति आए जब तिनका परिवार र मित्रहरु माझ तिनको मुक्तिको निम्ति प्रार्थनाको बोझको गहिरो चाह सृष्टि भयो। तिनको कथा यस्तो छ : म भर्खरै किशोर अवस्थामा थिए जब हामी वेस्टवुड् व्याप्टिस्ट चर्च तर्फ लाग्यौं। तब म अचानक दोषी ठहरिएँ, तर प्रत्येक पल्ट चर्चमा जाँदा त्यही भावनासित म लड्दैरहें। मेरी आमाले मलाई चर्चमा जान यस्तो दबाव दिनुहुन्थ्यो जसको कारणले म जतिसक्दो घरदेखि टाडै रहने गर्थें। मेरो एउटी ठिटीसित नराम्रो सम्बन्ध पनि थियो र सबै कुरा खराब हुँदै गइरहेको थियो।

यो बेलामा मेरो परिवारलाई मेरो लागि ठूलो भार हुनगयो। जब तिनीहरुले मेरो उद्धारको निम्ति गम्भीरतापूर्वक प्रार्थना शुरुगरे त्यो क्रिष्मस्को छेक्तीर थियो। जसै म मेरो परिवारलाई टार्न भनी राती अबेर घर फर्कन्थे, मेरो बुवाले मेरो आत्मिक अवस्था बारे मसित कुरा गर्नलाई कहिले कहि उहाँ जागा रहन्थे। मैले उहाँलाई भनी रहन्थे कि म तेह्र वर्षको उमेर छँदा नै बाँची सकेको छु; तर हामी दुवैलाई थाहा थियो त्यो सत्य होइन। यो समय म औधी दोष सिद्धिमा परेको थिएँ–बाँच्नै पर्छ भन्ने कुरा निरन्तर मेरो मनमा थियो, तर मैले विरोध गर्दै बसें। अन्तमा, फरवरी महिनाको आखिर तीर; मैले अब धेर थाम्न सकिन–आफू बाँच्नलाई मैले प्रभुसित विन्ति गरें। त्यसपछि मलाई थाहा लाग्यो कि ती समयमा धेरै मानिसहरुले मेरो निम्ति प्रार्थना गरिराखेका रहेछन्, मेरो परिवारले मात्र होइन तर मण्डलीका धेरै मानिसहरुले पनि। मेरो भाइ जोशको यूवा झूण्डले धरि मेरो निम्ति प्रार्थना गर्दै थिएछन्। म अत्ति खुशी छु परमेश्वरले तिनीहरुका प्रार्थनाको उत्तर दिनुभयो!!''

रेचेल बरेन्टाइन् निराश अवस्थामा थिइन जब उसले मलाई उसको लोग्नेको उद्धारको निम्ति प्रार्थना गर्न अनुरोध गरेकी थिइन। उ आफनो लोग्नेको पिउने, जूवा खेल्ने र रातको घण्टौं समय बाहिरनै बिताउने ब्यवहारदेखि हार खाइसकेकी थिइन–उसको प्रार्थना बेकार भएको झैं देखापर्थ्यो। शैतानले हामीलाई त्यसप्रकारले सोंचेको र प्रार्थना गर्न छोड्दिएको चाहन्छ। जब एउटा व्यक्तिको जीवनमा उहाँको पहिलो प्रभावको कुनै लक्षण देखापर्दैन, तैपनि परमेश्वरको एउटा चाखलाग्दो काम चाँहि त्यस व्यक्तिको दोष शिद्धिलाई अचानक दबाउनु हो। यस्तै प्रकारको घटना जीम्बो बरेन्टाइन्मा घटेको थियो : ''म वेस्टवुड् व्याप्टिस चर्चमा हुर्केतापनि, म मनै थिएँ,

यसैले मेरो जीवनमा परमेश्वरलाई ठाउँनै थिएन। कष्टले मलाई खेदीनै रहेको थियो। मेरो बिवाह र मेरो छोराको जन्मपछि, म चर्चको संगतीमा फर्के, तर म प्रस्तावले गर्दा मात्र जानेगर्थे। म आफैमा साह्रै मग्न रहन्थे जसले गर्दा छुटानाम अनिवार्य थियो, र मेरो परिवारलाई गुमाएपछि मेरो जीवन यस संसारमा नरकनै बन्यो।

म सम्झन्थे रेचेललाई बिवाह गरेपछि मेरो जीवन राम्रो हुन्छ होला, तर म गलतीमा थिएँ – राम्रो कहिल्यै भएन। अवस्थालाई अझ विगार्नलाई, तिनी बाँचेकी थिइन! त्यसपछि मेरो खराब आदतहरुको चाहनाहरु बढ्दै गयो किनभने म रातभरी पिउन र जूवामा बिताउँथें, यसैले म तिनको बिश्वासको अगाड़ी हुनुपर्दैन थियो।

सन् 2001 को 13 मार्च मंगलवारको रातभरी म पिउन र जूवामा मस्त थिएँ। जब म बुधवारको बिहान घर पुगें, मैले सम्झे परमेश्वरलाई मेरो जीवनमा पाउनैपर्छ, मैले अब उसो जीवन यसप्रकारले व्यत्तित गर्नुहुँदैन। म भाइ ली सित बचाइनु बारे कुरा गर्नलाई चर्चमा गएँ, तर उनी शहरदेखि बाहिर थिएछ। त्यसैले म मेरो काका बब्को घरमा गाड़ी लिएर यसै आशामा गएँ कि उहाँले मलाई मदत् गर्नसकनु हुन्छ, कारण उहाँ एक प्रचारक हुनुहुन्छ अनि म जान्दछु कि उहाँ र छेमा फेयीले धेरै वर्षदेखि मेरो निम्ति प्रार्थना गरिरहेका थिए।

छेमा फेयीले मलाई यो पनि भन्नु भएको थियो कि यदि म तिनको लोग्ने भएको भएदेखि मलाई कहिले त्यागी सकेका हुन्थिन। म खुशि छु रेचेलले मलाई त्यागेनन्, किनभने त्यो बुधवारको बिहान आफैलाई बचाउन मैले ईमानदारीसाथ ख्रीष्टलाई विश्वास गरें अनि उहाँले मेरो जीवनलाई उदेकरूपले परिवर्तन गरिदिनु भएको छ।''

आँशुलाई ''तरल प्रार्थना'' भनेका छन्। सायद ती सबै प्रार्थनाहरु धेरै शक्तिशाली छन्! टेक्सास्को ओरेन्जमा धेरै वर्ष अगाड़ी मैले गोठाला गरेको एकजना प्रियः दिदिको लुइसिआनाको मोस ब्लफमा अन्तिम संस्कारको सेवा चलाइरहेको बेला ती प्रार्थनाहरु कत्ति शक्तिशाली रहेछन् भनी मैले पत्तो लगाएँ। यो अन्तिम संस्कारमा एकजना व्यक्तिले तिनको हात मसित मिलाउनलाई अघि बड़ाउँदै यसो भन्दै म कहाँ आए, ''तपाईले मलाई चिन्नु हुन्न होला हगी?'' मैले भने, ''चिन्दिन सर, मलाई लाग्दैन म चिन्छु।'' तिनले भने, ''म टेक्सास्को ब्यूनामा बस्छु, मैले समाचार पत्रमा पढ़ें कि एकजना लिइ थोमसले यस अन्तिम संस्कारको सेवा चलाइरहेका छन्। मैले सम्झेको लिइ थोमस तपाई नै हुनुहुन्छ कि हुँदैन भनेर हेर्नलाई म यहाँ आएको हूँ।'' तिनले मलाई यो कथा सुनाउनु भयोः ''मेरो नाम जेम्स लिन्च हो। म एउटा इसाई घरमा हुर्केको हूँ, तर जबदेखि म टेकसास्को ओरेन्जमा बस्न लागें म लामो समय सम्म रक्सीमा डुबेको थिएँ, मुश्किलसित काम गर्थे। एक दिन साह्रै बेसी पिएर म आराम कक्षामा बसें र जीवनको बारेमा म स्तब्ध थिएँ, तपाईले मेरो घरको ढोका खट्खटाउनु भयो।

मैले तपाईलाई स्वागत जनाए अनि जसै तपाई मेरो घरभित्र पसिसक्नु भयो, तपाईको आँखामा आँसु भरिएको मैले देखें। तपाईले मलाई भन्नु भयो कि येशूले मलाई प्रेम गर्नुभएको छ अनि मलाई बचाउन चाहनु हुन्छ, तर रक्सीले मलाई यस्तो जकड़ेको छ कि परमेश्वरले प्रदान गर्नुहुने मुक्तिलाई मैले इन्कार गरिरहेको छु।

तपाईं मेरो कुर्सीको नजीक घुड़ा टेक्नु भयो र तपाईंको मुहार निहुराएर आँशु बहाउँदै म आफैलाई बचाउन ख्रीष्टलाई विश्वास गर्न मलाई तपाईंले विन्ति विछाउनु भयो। त्यसले मेरो हृदयलाई छोयो अनि मैले चाहन्थे, तर मैले सक्तिनथें–रकसीले मलाई नियंत्रण गरेको थियो।

ती आँसुले मलाई तीन साल सम्म सताइरह्यो। मैले तपाईलाई घुड़ामा रहेको र तपाईको आँखामा आँसु लिएर मलाई ख्रीष्टमा विश्वास गर्नु र पश्चताप गर्नुलाई विन्ती गर्दै गरेको नदेखे सम्म एक दिन बित्दैन थियो। ती तीन साल भरी परमेश्वरको विरोध गर्दै रहेपछि मैले पश्चताप गरें अनि परमेश्वरले मलाई महिमित रूपले बचाउनु भयो र मलाई सुसमाचार बाँड़नलाई बुलाहट दिनुभयो। मैले धेरै वर्षदेखि उहाँको वचन प्रचार गर्दै आइरहेको छु। म विश्वास गर्छु कि यदि त्यस दिन तपाई मेरो घरमा नआउनु भएको भएदेखि, म परमेश्वर विनै हराएको हुनेथिएँ अनि कहिले मरिसकेको र नरकमा हुनेथिएँ।''

जर्ज मुल्लरले तिनको मित्रलाई ख्रीष्टमा ल्याउनमा साठ्ठी वर्ष भन्दा ज्यादा प्रत्येक दिनको प्रार्थनामा लागेको थियो। जेम्स लिन्चलाई ख्रीष्टमा ल्याउन आँसुको तीन साल लिएको थियो। तैपनि जाबेज केरि त्यही समय प्रभुमा आए जब ढुइ हजार इसाईहरुले तिनको निम्ति प्रार्थना गरेकाथिए, यो प्रमाणित गर्दै कि हराएकाहरुको निम्ति प्रार्थना गर्ने अधिकतम् असरदार तरिका वा विधि चाँहि एकता द्वारा हुन्छ!

यो नै माइक डोलेसको उद्धारको साँचो (चाबी) थियो। उसको कथा यस्तो छः ''म न्यू होप् ब्याप्टिस चर्चमा बड़ें, तर आफैलाई बचाउन प्रभुमा मैले कहिल्यै विश्वास राखिन। एक किशोर हुनाले मेरा पाठशालाका मित्रहरु चर्चमा गएको मैले हेरिरहन्थे, तर म आफै चाँहि जाँदिनथें। मेरा भाइ र बहिनीहरु चर्च गएको हेरिरहन्थे तर म आफै चाँहि जाँदिनथें। अनन्त जीवनको सिद्धान्तलाई मैले विश्वास गर्दथें अनि ख्रीष्टमा विश्वास गर्नु असल कुराहरु हो भनी म जान्दथें, तर मैले गर्दिनथें।

मेरी आमाले मेरो निम्ति लगातार प्रार्थना गरेता पनि केहि खास कुरा हुनसकेन जब सम्म पास्टरले मण्डलीलाई तिनीहरुले प्रार्थना गरेर वचाउन चाहेका ती कुनै व्यक्तिहरुको नाम एउटा कागजको पन्नामा लेख्नलाई आहवान गरेनन्। उहाँले पछिबाट मलाई भन्नु भयो कि उहाँले कागजको अठाह्र टुक्रा जम्मा गर्नुभयो र प्रत्येक पन्नामा मेरो नाम थियो। तिनीहरुले मेरो निम्ति प्रार्थना गर्न शुरुगरेको केहि क्षणपछि, मैले आफैलाई रित्तो र खोक्रो अनुभव गरें र मैले बाइबल पढ़न आरम्भ नगरुञ्जेल सम्म र मैले के गर्नु पर्ने देखाइ दिनुहोस भनी प्रभुलाई नसोधे सम्म यो चेतना बड़दैनै रहयो।

म अघिदेखिनै आइतवार बिहान चर्च गइराखेको थिएँ र 1998 मार्च 1 को दिन, अर्थात मेरो निम्ति ती अठाह्र मानिसहरुले प्रार्थना गर्न शुरुगरेको दुई हप्तापछि, परमेश्वरले मलाई सेवालयको पार्श्व भागमा निस्कि आउनु र पहिले कदम चाल्नु अनि वाँकि उहाँले गर्नु हुन्छ भन्नु भयो। प्रभुसितको जीवनको त्यो मेरो शुरुवात थियो। मैले जीवनको पहिला उन्नचास वर्ष परमेश्वरको विरोध गरेर नै बिताएंतापनि अब म जाँन्दछु कि इसाई भएर परमेश्वरको वचन फैलाउनमा मदत गर्नलाई सारा साधनहरु प्रयोग गर्नु हाम्रो कर्तव्य हो। अनि उहाँले मलाई दिनुभएको हरेक मौकालाई पूरा गर्ने म इच्छा राख्दछु!''



अध्याय 7

# प्रण गर्नु

यो पुस्तक आलमारीको कुनै कुनामा बस्नलाई लेखिएको होइन, तर डरलाग्दो छेड़्ने सत्यतालाई तपाईको हृदयमा पसाउनलाई : कसैको अनन्त भाग्य तपाईको हातमा छ–तपाईले प्रार्थना नगरेसम्म कोहि मर्छन, अनि नरकमा जान्छन्!! एण्ड्रू मुर्रे जिद्दी गर्नुहुन्छ कि मध्यस्थ अत्यावश्यक छ, आत्माहरुको परिवर्तनमा पनि मुख्य तत्व : करोड़ौंको संख्यामा नष्ट भइरहेका यो संसार छ, जसको केवल आशा मध्यस्थता हो। कतिपय प्रेम र काम तुलनामा व्यर्थ छ, किनभने त्यसमा अत्ति नै कम मध्यस्थ रहेको हुन्छ... आत्माहरु, प्रत्येकको मुल्य संसार भन्दा धेर मुल्यको छ, ख्रीष्टको रगतमा तिनीहरुको निम्ति चुकाएको मोल र शक्तिको प्रभाव भित्र जसलाई मध्यस्थ द्वारा जित्न सकिने भन्दा कम छैन् (मुर्रे 112)।

मेरो प्रार्थना यही छ कि जसै तपाईले यसमा भएको सत्यताहरुलाई लिनुहुन्छ यो किताब तपाईको अटल संगी बन्नेछ, साथै हराएकाहरुको निम्ति सामर्थी मध्यस्थ हुनलाई, जसलाई परमेश्वरले एकदमै चाहनुहुन्छ अनि तपाईलाई त्यस्तै भएको चाहनुहुन्छ। सान्ट्रा गुड्वीनको यो कविता जसै तपाईले पढ़नुहुन्छ, मलाई आशा छ तपाईको हृदयलाई यसो भन्नलाई उस्काउनेछ, ''हुन्छ, प्रभु, म यो कार्यलाई लिनेछु।''

मेरो घुड़ामा गरेको यात्रा
गत रात मैले यात्रा गरें
समुन्द्र पारिको एउटा देशमा।
गइन म पानी वा हवाई जहाजबाट
मैले गरें यात्रा मेरा घुड़ाहरुमा।

धेरै मानिसहरु त्यहाँ देखे मैले
तिनीहरुकै पापको बन्धनहरुमा,
मलाई जानुपर्छ भन्नु भयो येशूले,
जित्न ती आत्माहरुलाई त्यहाँ।

तर मैले भनें, ''येशू म जान सक्तिन
समुन्द्र पारि ती देशहरुमा।''
उहाँले झट्ट उत्तर दिनु भो, ''निश्चय, तिमी सक्छौ–
तिम्रै घुड़ामा यात्रा गरेर।''

उहाँले भने, ''तिमी प्रार्थना गर, खाँचो म पुरयाउनेछु।
तिमीले पुकार, म सुन्नेछु।
चिन्तित रहनलाई निर्भर गर्छ तिमीमा
कारण हराएका आत्माहरु छन् नजिक र टाड़ामा।''

र त्यसै गरें मैले, प्रार्थनामा घुड़ा टेकें,
आरामका केहि क्षणहरुलाई त्यागी दिएँ,
र मेरो छेउमा रहनु भएको उद्धारक संग
यात्रा गरें मैले मेरो घुड़ामा।

जसै प्रार्थना गर्दै गएँ, आत्माहरु बांचेको मैले-देखें
अनि निको भए ती बटरिएका व्यक्तिहरु।
परमेश्वरका कार्यकर्ताहरुको शक्ति नयाँ भएको मैले देखें
गर्दागर्दै परिश्रम खेतहरुमा।

मैले भनें, हुन्छ प्रभु, म लिनेछु कार्यभार।
चाहन्छु म प्रफुल्लित बनाउन तपाईको हृदयलाई।
तपाईको बुलाहटलाई ध्यानदिनेछु म र वेगपूर्वक जानेछुं
मेरो घुड़ाहरुमा नै यात्रा गर्दै।''

(लन्ड्स्टोम 207-08)

आत्माहरुको निम्ति अन्तर प्रार्थना गर्नलाई परमेश्वरका जनहरु हजारौं गुणामा प्रार्थनाका योद्धाहरु बनेको हेर्ने बोझ परमेश्वरले दिनुभएको छ। हराएकाहरुको निम्ति प्रार्थना गर्नलाई सबै सेवकाइहरुमा अत्ति महिमित, शक्तिशाली र प्रभावशाली सेवामा तपाई मसित सम्भागी बन्दै हुनुहुन्छ भने म अत्तिनै आशिषित बन्ने थिएँ!!

यो पनि, यदि एकजना विशेष व्यक्तिलाई बचाइएको तपाईले बेधड़क देख्न चाहनु हुन्छ भने परिस्थितीमा प्रकाश डाल्न सक्ने कुनै प्रासंगिक जानकारी सहित तिनको नाम र तपाईसितको नाता म कहां पठाउनु होस्। अनि मत्ती 18:19 मा प्रभुको प्रतिज्ञा अनुसार तिनको परिवर्तनको निम्ति प्रार्थनामा तपाईसित म सहमत हुनेछु। तर म भन्छु यो तब मात्र गर्नुहोस् यदि तपाईले यस पुस्तकमा मैले सिकाएका सिधान्त अनुकूल प्रार्थना गर्नलाई उग्र बन्नु हुन्छ। म यो पनि भन्न चाहन्छु कि परिस्थितीमा परमेश्वरले कामगर्दै गर्नुभएको जानकारी मलाई दिनुहोस्, विशेषगरी जब उद्धार आउँदछ!

ली इ. थोमस्
2314 फोस्टर लेन
वेस्टलेक, एल ए. 70669

e-mail: userlee484@aol.comiQksu
336-833-8677 कार्यलथ
337-833-2663 वासस्थान

## मेरा प्रार्थनाको सूची

*(1 शमूएल 12:23) "तिमीहरुको निम्ति प्रार्थना गर्नु छोड़ेर परमप्रभुको अगि पाप गर्ने दिन चाँहि कहिले नआओस्।"*

1. ____________________________________________
2. ____________________________________________
3. ____________________________________________
4. ____________________________________________
5. ____________________________________________
6. ____________________________________________
7. ____________________________________________
8. ____________________________________________
9. ____________________________________________
10. ____________________________________________
11. ____________________________________________
12. ____________________________________________
13. ____________________________________________
14. ____________________________________________
15. ____________________________________________
16. ____________________________________________
17. ____________________________________________
18. ____________________________________________
19. ____________________________________________
20. ____________________________________________
21. ____________________________________________
22. ____________________________________________
21. ____________________________________________
22. ____________________________________________
23. ____________________________________________
24. ____________________________________________

येशूले त्यही गर्नुभयो जे पिताले गर्नुभएको उहाँले देख्नुभयो (यूहन्ना 5:19)। यस्तै किसिमले जे हाम्रा प्रभुले गर्नुहुन्छ अनि उहाँले जे गरीरहनुभएको हामीले देख्छौं त्यही मात्र हामीले गर्नुपर्छ "अन्तरबिन्ती गर्नलाई उहाँ सदैंभरि जीवित रहनुहुन्छ" (हिब्रू 7:25)। कतिपय इसाईहरुलाई मध्यस्थताको नाम दिएर हामीले गम्भीर गलती गरेका छौं। यो यस्तो सन्देश दिने



प्रयास हो जसद्वारा हामी बाँकी रहेकाहरु जिम्मेवारीबाट अगल भएका छौं- त्यसो होइन! हामी सबैले त्यही गर्नुपर्छ जो हाम्रो प्रभुले गरिरहनु भएको हामीले देखेका छौं- अरूहरूका निम्ति प्रार्थना गर्नु।

यसैले हराएकाहरुको निम्ति प्रभावशाली रूपमा कसरी प्रार्थना गर्ने सो हामीले सिकौं र प्रमुख कार्य गर्न हामी प्रभुसंग जोडी रहौं।

**All India Decade of Advance**

**NOT FOR SALE**
For Private Circulation Only